# राजश्व सुधार कार्ययोजना

## (२०८०/८१-८२/८३)

### अन्तिम प्रतिवेदन

### वैशाख, २०८०

## सुनछहरी गाउँपालिका

### लुम्बिनी प्रदेश, रोल्पा

प्राविधिक तथा आर्थिक सहयोग : प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज, बाँके

सुनछहरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

प.सः २०७९/०८०
च.नं:

लुम्बिनी प्रदेश, नेपाल
मितिः २०८०।०२।२२




## मन्तव्य

नेपालको संविधानको अनुसूचि ८ ले स्थानीय सरकारलाई राजश्वका अधिकार प्रदान गरेको छ जस अन्तर्गत सम्पति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन रहेका छन् । यसैगरी अनुसूची ९ मा रहेको संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारको क्षेत्रहरुमध्ये सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्क रहेका छन् ।

यस गरी स्थानीय सरकार संचालनमा प्रभावकारिता ल्याउन लागुभएको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ ले गाउँ/नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखको अध्यक्षतामा एक स्थानीय राजश्व परामर्श समिति रहने व्यवस्था गरेको छ । राजश्व समितिले राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान कार्यपालिकामा पेश गर्नु पर्ने छ । त्यसैगरी, समितिले राजश्वका दर क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ ।

सामान्यतया स्थानीय सरकारको मुख्य आय स्रोतहरुमा अन्तर सरकारी वित्त हस्तान्तरण अर्न्तगत वार्षिक रुपमा प्राप्त हुने १) समानिकरण अनुदान, २) सशर्त अनुदान, ३) विशेष अनुदान र ४) राजश्व बाँडफाँडबाट प्राप्त रकम रहेको छ । त्यसैगरी, आन्तरिक स्रोत अन्तर्गत संविधानबाट प्राप्त अधिकार क्षेत्रबाट आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजश्व पर्दछन् । सुनछहरी गाउँपालिकाले आफ्नो आय परिचालन क्षमता सुदृढ गर्न यो राजश्व सुधार कार्ययोजना २०८०/८१-८२/८३ तर्जुमा गरेको छ र यो प्रयासबाट पालिकाको आन्तरिक आम्दानीमा बढोत्तरीको अपेक्षा गरिएको छ ।

यो राजश्व सुधार कार्ययोजना तयारीका लागि आर्थिक सहयोग र योजना उपर राय, सुझाब उपलब्ध गराउने प्रदेश सुशासन केन्द्र, लुम्बिनी प्रदेश प्रति आभार व्यक्त गर्दछु । योजना निर्माणको क्रम देखी स्वीकृतिसम्मका विभिन्न चरणहरुमा महत्वपूर्ण सहभागिता, विज्ञ टोलिलाई आवश्यक सूचना, जानकारी, राय सुझाव प्रदान गर्नुहुने कार्यपालिका सदस्य ज्यूहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । योजना निर्माणको लागि प्रशासकीय प्रबन्ध सहितको महत्वपूर्ण योगदानको लागि प्रमुख प्रशासकीय अधिकृत लाल सिंह खड्का ज्यू धन्यवादको पात्र हुनुहुन्छ । साथै, आ-आफ्ना शाखाहरुको जिम्मेवारीमा रही सहभागिता, सूचना, तथ्याङ्क, विवरणहरु उपलब्ध गराउनुहुने शाखा प्रमुखहरु एवम् सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु ।

यस योजना निर्माणको लागि परामर्शदाताको रुपमा श्री मनकामना अध्ययन अनुसन्धान केन्द्र, सानोठिमी, भक्तपुरलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा, सुनछहरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सबैको साथ र सहयोग प्राप्त भई गाउको समुन्नति हुनेछ भन्ने अपेक्षा गरेको छु ।

२०८०, जेष्ठ २२

धन बहादुर पुन मगर
गा.पा. अध्यक्ष


सम्पर्क ठेगानाः सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ-०५, रोल्पा, लुम्बिनी प्रदेशनेपाल
कार्यालयको फोन नं.९८५७८२४०९३ Website:www.sunchhaharimun.gov.np
Email:sunchhaharimun@gmail.cominfo@sunchhaharimun.gov.np




# सुनछहरी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

पोबाङ, रोल्पा

प.सः २०७९/०८०
च.नं:

लुम्बिनी प्रदेश, नेपाल
मितिः २०८०।०२।२२



## मन्तव्य

नेपालको संविधानको भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था गरेको छ । धारा २२८ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरेको छ । कानूनले स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि स्थानीय तहहरुले त्यसको पुर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । जसको मुख्य कारणमा स्थानीय तहको हालको संरचना आएको केही बर्ष मात्र भएकोले त्यसको लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ । साथै जनतामा कर तिर्ने बाँनकिो विकास पनि नभएको हुँदा कतिपय संभावनाका क्षेत्रहरु भएर पनि करको दायरामा ल्यउँन नसकेको अवस्था रहेको छ ।

यीनै तथ्यलाई मध्यनजर गर्दै सुनछहरी गाउँपालिकाले आफ्नो आय परिचालन क्षमतामा सुधार ल्याउनको लागि राजश्व सुधार अध्ययन तथा कार्ययोजना तर्जुमा गराएको छ । प्रस्तुत योजनाले सुनछहरी गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरुलाई आय परिचालन सम्वन्धमा अभिमुखिकरण, आयको दायरा विस्तार, दरमा सुधार, प्रशासनिक व्यवस्थामा सुधार तथा नयाँ स्रोतहरुको पहिचान गरी सोको सम्भाव्यता छ, छैन पहिचान गर्न कार्यशाला आयोजना, कर तथा शुल्कको दर निर्धारणमा सहयोग, तथा आन्तरिक नियन्त्रण प्रणालीको स्थापनामा सहयोग गर्ने विश्वास लिएको छु । यस क्रममा भए गरेका कार्यहरुलाई समेटी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयार गरिएको छ ।

यस योजना निर्माणको क्रममा र स्वीकृतिसम्मका विभिन्न चरणहरुमा सहयोग र योगदान प्रदान गर्नुहुने सबै पालिका परिवार, संघसंस्था र व्यक्तित्वहरुमा अभार प्रकट गर्दछु । अन्त्यमा सुनछहरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सबैको साथ सहयोग प्राप्त भई पालिकाको समुन्नति हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**२०८०, जेष्ठ २२**

ननकला घर्ती
गा.पा. उपा-अध्यक्ष

*सम्पर्क ठेगाना: सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय पोबाङ-०५, रोल्पा, लुम्बिनी प्रदेशनेपाल*
*कार्यालयको फोन नं.९८५७८२४०९३ Website:*www.sunchhaharimun.gov.np
*Email* :sunchhaharimun@gmail.cominfo@sunchhaharimun.gov.np



# सुनछहरी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
पोबाङ, रोल्पा

प.सः २०७९/०८०
च.नं:

लुम्बिनी प्रदेश, नेपाल
मितिः २०८०।०२।२२




**मन्तव्य**

नेपालको संविधानको भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था गरेको छ । धारा २२८ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरेको छ । कानूनले स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि स्थानीय तहहरुले त्यसको पुर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । जसको मुख्य कारणमा स्थानीय तहको हालको संरचना आएको केही बर्ष मात्र भएकोले त्यसको लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ । साथै, जनतामा कर तिर्ने बानीको विकास पनि नभएको हुँदा कतिपय संभावनाका क्षेत्रहरु भएर पनि करको दायरामा ल्याउँन नसकेको अवस्था रहेको छ ।

यीनै तथ्यलाई मध्यनजर गर्दै सुनछहरी गाउँपालिकाले आफ्नो आय परिचालन क्षमतामा सुधार ल्याउनको लागि राजश्व सुधार अध्ययन तथा कार्ययोजना तर्जुमा गराएको छ । प्रस्तुत योजनाले सुनछहरी गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरुलाई आय परिचालन सम्वन्धमा अभिमुखिकरण, आयको दायरा विस्तार, दरमा सुधार, प्रशासनिक व्यवस्थामा सुधार तथा नयाँ स्रोतहरुको पहिचान गरी सो को सम्भाव्यता छ, छैन पहिचान गर्न कार्यशाला आयोजना, कर तथा शुल्कको दर निर्धारणमा सहयोग, तथा आन्तरिक नियन्त्रण प्रणालीको स्थापनामा सहयोग गर्ने विश्वास लिएको छु ।

अन्त्यमा योजना निर्माणको विभिन्न चरणहरुमा सहयोग र योगदान प्रदान गर्नुहुने सबै पालिका परिवार, संघसंस्था र व्यक्तित्वहरुमा अभार प्रकट गर्दछु ।

**२०८०, जेष्ठ २२**

लालसिंह खड्का
प्रमुख प्रशासकीय अधिकृत





# विषय सूची


परिच्छेद् १ः परिचय ....... ४

१.१ पृष्ठभूमि ....... ४

१.२ राजश्व सुधार योजनाको औचित्य ....... ५

१.३ राजश्व सुधार योजनाको उद्देश्य ....... ६

१.४ राजश्व सुधार योजना तयारीको विधि तथा प्रकृया ....... ७

१.५ योजना तयारीका सीमाहरु ....... ९

परिच्छेद २ः गाउँपालिकाको संक्षिप्त झलक ....... १०

२. गाउँपालिकाको संक्षिप्त झलक ....... १०

परिच्छेद ३ गाउँपालिकाको राजश्व सम्भाव्यता ....... २२

३.१ राजश्व सम्बन्धि संवैधानिक र कानुनी व्यवस्था ....... २२

३.१.१ संवैधानिक व्यवस्था ....... २२

३.१.२ कानुनी व्यवस्था ....... २२

३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ....... २६

३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ....... २९

३.२.१ स्थानीय कर राजस्व ....... २९

३.२.२ गैर कर राजश्व ....... ३४

ड. मूल्याँकन सेवा शुल्कः ....... ३९

परिच्छेद ४ गाउँपालिकाको आय संकलनको संस्थागत क्षमता र आय संकलनको वर्तमान अवस्थाः ....... ४०

४.१ गाउँपालिकाको राजश्व परिचालन सम्बन्धि नीति ....... ४०

४.२ राजश्व आय संकलनको संस्थागत क्षमता ....... ४०

४.२.१ गाउँपालिकाको राजश्व प्रशासन ....... ४०

४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ....... ४३

४.४ राजश्व परिचालनका सवालहरु ....... ४४

परिच्छेद ५ गाउँपालिकाको राजश्व सुधार ....... ४६

५.१ स्थानीय राजश्व सुधार तथा परिचालनको परिकल्पना ....... ४६

५.२ राजश्व सुधार र परिचालनका सैद्धान्तिक मान्यताहरु ....... ४६

५.३ मुख्य सुधारका पक्षः ....... ४८

५.४. आगमी तीन वर्षे राजश्व संकलन रणनीति तथा कार्यनीति ....... ४९

५.५ राजश्व सुधार कार्ययोजना ....... ५०

५.५.१. कर राजश्व सुधार कार्ययोजना ....... ५०

५.१.२. गैरकर राजश्व सुधार कार्ययोजना ....... ५२

५.१.३. राजश्व प्रशासन तथा सुशासन सुधार कार्ययोजना ....... ५३

५.१.४. स्थानीय तहले उपयोग गर्न नसकी रहेका तर उच्च संभावना विद्यमान रहेका क्षेत्रहरुको पहिचान गर्ने ....... ५५

परिच्छेद ६ः अपेक्षित नतीजा ....... ५६

६.१ राजश्व वृद्धिः ....... ५६

परिच्छेद ७ः आगामी तीन वर्षको राजश्व प्रक्षेपण ....... ५८

७.१ राजश्व प्रक्षेपणको आधारहरु ....... ५८

७.१.१ एकिकृत सम्पत्ति कर वृद्धिः ....... ५८

७.१.२ घरजग्गा बहाल करमा वृद्धिः ....... ५८

७.१.३ व्यवसाय कर वृद्धिको आधारः ....... ५८

७.१.४ जडिबुटी, कवाडी र जीवजन्तु कर वृद्धिको आधारः ....... ५८

७.१.५ विज्ञापन करको वृद्धिको आधारः ..... ५८
७.१.६ सामुदायिक वनको वन पैदावार विक्रिबाट राजश्व वृद्धिको आधारः ..... ५९
७.१.७ फोहरमैला व्यवस्थापन शुल्क वृद्धिको आधारः ..... ५९
७.१.८ नक्सापास दस्तुर वृद्धिको आधारः ..... ५९
७.१.९ मूल्याँकन सेवा शुल्कः ..... ५९
७.१.१० अन्य विक्रि (स्लेट) बाट राजश्वको आधारः ..... ५९
७.१.११ बहाल बिटौरीः ..... ५९
७.१.१२ 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत, दर्ता तथा नविकरण दस्तुरः ..... ५९
७.२ तीन वर्षको आय तथा राजश्व प्रक्षेपण ..... ६०
परिच्छेद ८: अनुगमन तथा मूल्यांकन ..... ६४
अनुसूचिहरु ..... ६६

# तालिकाहरुको सूची

तालिका १ वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण ........ १४
तालिका २ वडागत रुपमा आवास संरचनाको विवरण ........ १७
तालिका ३ वैदेशिक रोजगारीमा जानेहरुको विवरण ........ १८
तालिका ४ तीन तहको राजश्व अधिकार ........ २२
तालिका ५ शिर्षकगत राजश्व अधिकार तथा दायरा ........ २३
तालिका ६ आन्तरिक स्रोतको अवस्था ........ २७
तालिका ७ राजश्व परिचालनको संस्थागत विश्लेषण ........ ४१
तालिका ८ राजश्व सुधार सम्बन्धि रणनीति तथा कार्यनीति ........ ४९
तालिका ९ कर राजश्व सुधार कार्ययोजना ........ ५०
तालिका १० गैरकर राजश्व सुधार कार्ययोजना ........ ५२
तालिका ११ राजश्व प्रशासन तथा सुशासन सुधार कार्ययोजना ........ ५३
तालिका १२ राजश्वको उच्च संभावना भएका क्षेत्रहरु ........ ५५
तालिका १३ नतीजा खाका ........ ५६
तालिका १४ अनुगमन तालिका ........ ६५

# अनुसूचीहरुको सूची

अनुसूची १ राजश्व सुधार योजना तयारी क्रममा उपयोग भएका फारमहरु ........ ६६
अनुसूची २ विषयगत विश्लेषणको नमूना फाराम ........ ७२
अनुसूची ३ आय प्रक्षेपणको ढाँचा ........ ७६
अनुसूची ४ राजश्व सुधार कार्ययोजना तयारी कार्यशालामा उपस्थित सहभागीहरु ........ ८५
अनुसूची ५ राजश्व सुधार कार्ययोजना तयारीको क्रममा लिइएका प्रतिनिधिमूलक तस्वीरहरु ........ ८७

# परिच्छेद् १ः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संघ, प्रदेश र स्थानीय गरी तीन तहको राज्य संरचना निर्धारण गरेको छ। राज्यशक्तिको बाँडफाँड संविधानको धारा ५७ ले स्पष्टसँग संघ, प्रदेश र स्थानीय सरकारमा गरी दिएको छ । सोही धारा बमोजिम संविधानको अनुसूची ८ मा स्थानीय तहलाई एकल अधिकारका क्षेत्रहरु र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सम्बन्धमा स्पष्ट उल्लेख गरिएको छ। सरकारका तीन तहमध्ये स्थानीय तह अन्तर्गत गाउँपालिका र नगरपालिका पर्दछन् भने यसको संख्या ७५३ वटा रहेको छ। संविधानले यी स्थानीय सरकारले पनि कार्यपालिकीय, व्यवस्थापकीय र सीमित न्यायिक अधिकारको प्रयोग आफैं कानुन बनाएर गर्नुपर्ने यवस्था गरेको छ।

स्थानीय सरकारलाई संविधानले प्रदान गरेको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको लागि बिभिन्न प्रकारका आम्दानीमा भर गर्ने व्यबस्था छ, जसलाई निम्न चित्रबाट देखाउन सकिन्छ :



संविधानको भाग १९ मा स्थानीय सरकारको आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्था गरेको छ । धारा २२८ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरेको छ ।

संविधानको अनुसूची ८ मा स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र स्थानीय राजश्वका अधिकार क्षेत्रहरुको बारेमा उल्लेख गरिदिएको छ, जस अन्तर्गत कर तथा गैरकरका स्रोतको अधिकार प्रदान गरिएको छ । यस्ता अधिकारमा खास गरी सम्पति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन रहेका छन् । यसैगरी संविधानको अनुसूची ९ मा रहेको संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारको क्षेत्रहरु मध्ये सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी पर्यटन शुल्क रहेका छन् ।

साझा अधिकारमा रहेका राजश्वका क्षेत्रबाट कर असुली गर्ने कार्य जुन तहको सरकारबाट गर्दा प्रभावकारी हुन्छ सोही तहको सरकारले उठाउनु पर्दछ भन्ने सिद्धान्तबाट प्रेरित भई संघीय कानुनमा उल्लेखित साझा अधिकारका क्षेत्रहरुमध्ये प्राकृतिक श्रोत जस्तै ढुङ्गा, गिटी, बालुवा उत्खनन् तथा निकासी वापतको राजश्व स्थानीय सरकारबाट उठाउँदा प्रभावकारी हुने देखिएकोले संघीय कानुनले स्थानीय सरकारलाई यो अधिकार दिएको छ ।

यस गरी स्थानीय सरकार संचालनमा प्रभावकारिता ल्याउन लागुभएको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ ले गाउँ/नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखको अध्यक्षतामा एक स्थानीय राजश्व परामर्श समिति रहने व्यवस्था गरेको छ । राजश्व समितिले राजश्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान कार्यपालिकामा पेश गर्नु पर्ने छ । त्यसैगरी समितिले राजश्वका दर क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्नुपर्ने व्यवस्था गरेको छ ।

सामान्यतया स्थानीय सरकारको मुख्य आय स्रोतहरुमा अन्तर सरकारी वित्त हस्तान्तरण अर्न्तगत वार्षिक रुपमा प्राप्त हुने १) समानिकरण अनुदान, २) सशर्त अनुदान, ३) विशेष अनुदान र ४) राजश्व बाँडफाँडबाट प्राप्त रकम रहेको छ । त्यसैगरी, आन्तरिक स्रोत अन्तर्गत संविधानबाट प्राप्त अधिकार क्षेत्रबाट आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजश्व पर्दछन् ।

## १.२ राजश्व सुधार योजनाको औचित्य

संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार गाउँपालिकाहरुलाई स्थानीय स्तरमा आय संकलन गर्ने अधिकार प्रदान गरेको छ । आय संकलन गर्नसक्ने अधिकारको क्षेत्र नगरपालिका र गाउँपालिकाको समान छ । यी निकायले आफैले कर तथा शुल्कको दर निर्धारण गरी संकलन गर्न सक्नेछन् । स्थानीय तहलाई प्रदान गरिएका मुख्य करका अधिकारमा सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा वहाल कर रहेको छ, भने शुल्कमा नक्सापास, इजाजत, प्रमाणित, सिफारिस आदि रहेको छ । त्यसैगरी, स्थानीय तहले आफ्नो सम्पत्ति परिचालनबाट र सार्वजनिक जग्गाबाट वहाल विटौरी लिन सक्ने व्यवस्था छ । यसका

अतिरिक्त स्थानीय तहलाई प्राकृतिक स्रोतहरुको विक्रि, निकासीबाट समेत आय संकलन गर्न सक्ने व्यवस्था रहेको छ ।

कानूनले स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भएतापनि स्थानीय तहहरुले त्यसको कार्यान्वयन गरी पुर्ण रुपमा आय परिचालन गर्न सकिरहेका छैनन् । जसको मुख्य कारणमा स्थानीय तहको संरचनागत ब्यबस्था केही वर्ष अगि मात्र भएको तथा त्यसको लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

सुनछहरी गाउँपालिकाले आफ्नो आय परिचालन क्षमता सुदृढ गर्न यो राजश्व सुधार अध्ययन तथा कार्ययोजना तर्जुमा गरेको छ । प्रस्तुत अध्ययन कार्यले स्थानीय तहका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरुलाई आय परिचालन सम्वन्धमा अभिमुखिकरण, आयको दायरा विस्तार, दरमा सुधार, प्रशासनिक व्यवस्थामा सुधार तथा नयाँ स्रोतहरुको पहिचान गरी सोको सम्भाव्यता छ, छैन, निर्क्यौल गर्न कार्यशाला आयोजना, कर तथा शुल्कको दर निर्धारणमा सहयोग, तथा आन्तरिक नियन्त्रण प्रणालीको स्थापनामा सहयोग गर्ने बिश्वासका साथै, यो प्रयासबाट पालिकाको आन्तरिक आम्दानीमा बढोत्तरीको अपेक्षा गरिएको छ ।

## १.३ राजश्व सुधार योजनाको उद्देश्य

स्थानीय तहको दिर्घकालिन तथा दिगो सेवा प्रवाहको लागि उपयुक्त स्रोत निकायको आफैंले आर्जन गर्ने आय हो । राजश्व सुधार कार्य योजनाको मूल उद्देश्य पालिका परिषद्को आन्तरिक राजश्व सुधारको प्रयासलाई प्रवर्द्धन गर्नु हो । स्थानीय राजश्वका क्षेत्र पहिचान देखि राजश्व संकलनका लागि अवलम्बन गरिनुपर्ने नीतिगत तथा व्यवहारिक सुझाव सहित योजना दस्ताबेज तयार गर्न यो अध्ययनले लक्ष्य लिएको छ ।

यस कार्ययोजना तयारीको समग्र उद्देश्य गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा आगामी आर्थिक वर्षको आय प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजनामा सहजीकरण गर्नु हो । यसका विशिष्टिकृत अन्य उद्देश्य देहाय अनुसार रहेका छन्:

- पालिकाको आय अधिकार तथा सुधार योजना सम्वन्धमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, राजश्व परामर्श समिति, शाखा प्रमुखहरु, राजश्व प्रशासनमा संलग्न कर्मचारी तथा सराकारवालाहरुलाई अभिमुखिकरण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- आन्तरिक आयको वृद्धिदर तथा कुल आयमा आन्तरिक आयको हिस्साको वृद्धिदरको विश्लेषण गर्ने ।
- राजश्व प्रशासनको संस्थागत व्यवस्था तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आएका नयाँ सम्भावनाहरुको पहिचान गर्ने ।
- गाउँपालिकाले अपनाउनुपर्ने आय सुधार रणनीति सहितको राजश्व सुधार कार्य योजना तयार गर्ने ।
- आय परिचालनको लागि क्षमता विकासका मुख्य क्षेत्रहरुको पहिचान गरी सुझाव प्रदान गर्ने ।

- राजश्व सुधार कार्ययोजना तयारीको प्रकृयागत मार्गदर्शन तयार गर्ने ।

## १.४ राजश्व सुधार योजना तयारीको विधि तथा प्रकृया

उल्लेखित कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागिता मूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरु प्रयोग गरिएको छ । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरुलाई देहायका चरणमा प्रस्तुत गरिएको छ ।

१ राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण

२ योजना तर्जुमाको कार्यदल गठन

३ योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामग्रीहरुको संकलन तथा अध्ययन

४ प्रारम्भिक कार्यशालाको आयोजना

५ सूचना तथा तथ्यांक संकलन एवम  विश्लेषण

६ राजस्व सुधार कार्ययोजना तयारी  (प्रारम्भिक)

७ योजनाको मस्यौदा तयारी

८ राजस्व संभावना विश्लेषण र राजस्व प्रक्षेपण

९ मस्यौदाको पुनरावलोकन र सुभाव संकलन

१० अन्तिम प्रतिवेदन तयारी

११ कार्यपालिकाबाट स्वीकृति

### चरण १ प्रथम सम्पर्क र गृहकार्य

**१.१ प्रारम्भिक बैठकः** सेवा प्रदायक संस्थासँग कार्य सम्झौता भएपछि राजश्व सुधार कार्ययोजना तर्जुमाको लागि परामर्शदाताको टोलीले गाउँपालिकाका उपाध्यक्ष्य र प्रमुख प्रशासकीय अधिकृत र राजश्व शाखा प्रमुख ( हाल प्रशासन प्रमुख) सँग २०७९ चैत्र १४ का दिन प्रारम्भिक भेटघाट र छलफल गरी आगामी कार्यदिशा तय गरेको थियो । यस कार्यबाट हासिल गर्न खोजिएको उपलब्धीहरुका बारेमा जानकारी आदान प्रदान तथा छलफल गरिएको थियो । साथै २०७९ चैत्र १६ गते अनुशिक्षकण कार्यशाला गरिएको थियो ।

**१.२ सन्दर्भ सामाग्री अध्ययन तथा पुनरावलोकनः** प्रारम्भिक बैठकपछि परामर्शदाता समुहबाट पालिका र विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरु संकलन गरी अध्ययन तथा पुनरावलोकन गरियो ।

**१.३ तथ्यांक/सूचना संकलन फारमहरुको विकास** सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरुबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास गरियो ।

**<u>चरण २ः राजश्व सुधार कार्ययोजना तयारीका लागि अभिमुखिकरण</u>**

**२.१ अभिमुखीकरण कार्यक्रमः** सुनछहरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयारीका सिलसिलामा गाउँपालिकामा अभिमुखिकरण कार्यक्रम मिति २०७९ चैत्र १६ गतेका दिन संचालन गरियो । सो अभिमुखिकरणमा गाउँपालिकाका पदाधिकारीहरु, राजश्व परामर्श समिति, कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरु गरी ३२ जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहजकर्ताहरुले स्थानीय तहको राजश्व अधिकारका सैद्धान्तिक तथा कानुनी र प्रशासनिक पक्षहरुको प्रस्तुती र त्यसमाथि छलफल गराएका थिए । गाउँपालिकाको आन्तरिक आयका मुख्य स्रोतहरु, तिनको सम्भाव्यता तथा हालको परिचालनको अवस्थावारे छलफल भई सुधार गर्नुपर्ने पक्षहरुमा समेत बुँदागत रुपमा छलफल गरिएको थियो । कार्यक्रमको अन्तिम विषयवस्तुको रुपमा राजश्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचनाहरुको आवश्यकताबारे छलफल गरी राजश्व सुधार कार्ययोजनाको लागि तथ्यांक प्राप्त गर्ने विधि, राजश्वका दर र दायरा अनुमान गर्दा ध्यान पुऱ्याउनुपर्ने विषयहरु तथा अन्य प्राविधिक पक्षहरुलाई समेटी प्रस्तुतीकरण तथा छलफल गरिएको थियो ।

**२.२ राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यदल गठनः**

संयोजकः श्री ननकली घर्ती, गा.पा. उपाध्यक्ष
सदस्यः श्री राजबहादुर रोका मगर, वडा अध्यक्ष, वडा नं. ७
सदस्यः श्री दीपा धर्ती, कार्यपालिका सदस्य
सदस्य सचिवः श्री दया बहादुर बुढा मगर, प्रशासन/राजश्व शाखा प्रमुख

**<u>चरण ३ तथ्यांक/सूचना संकलन</u>**

अध्ययनका क्रममा परामर्शदाताद्धारा गाउँपालिकाका विभिन्न शाखाहरु, सरोकारवाला पक्षहरु, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक तथ्यांक एवं सूचनाहरु संकलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरु संकलन गरिएको थियोः

- राजश्व आयका लागि भएका प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत ३ वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण र करदाताहरुको अभिलेख

- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्यांक तथा सूचना (सम्बन्धित तथ्यांक, सरोकार पक्षहरुसँग छलफल, स्थलगत भ्रमण तथा अवलोकनबाट)

**चरण ४ प्रतिवेदन प्रस्तुती**

**४.१ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारीः**

प्रारम्भिक छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सुचनाहरुलाई आवश्यकता अनुसार विभिन्न तथ्यांकिय औजारहरु तथा विधि तथा सुत्रहरुको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरुबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरुलाई व्यवस्थित रुपले तालिकामा प्रस्तुत गरी राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक सुझावका लागि पालिकामा मिति २०८०/०१/०८ गते पेश गरिएको थियो ।

**४.२ अन्तिम प्रतिवेदन पेशः**

मिति २०८०/०२/२१ गते प्रदेश सुशासन केन्द्र, लुम्बिनी प्रदेशबाट प्राप्त सुझाव र पालिका, राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यदल एवम् आवश्यकता अनुसार पालिकाका अन्य महानुभावहरुसँग भर्चुअल माध्यमबाट छलफल भई प्राप्त पृष्ठपोषणलाई समावेश गरी यो अन्तिम प्रतिवेदन तयार गरी पेश गरिएको छ ।

**४.३ राजश्व सुधार कार्ययोजनाको वैधानिकता प्राप्ती**ः गाउँपालिकाका अधिकार प्राप्त अधिकारी तथा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यदलले प्रस्तुत मस्यौदा अध्ययन गरी प्राप्त सुझावहरुलाई समावेश गरी पठाएपछि एक तहको वैधानिकता प्राप्त भएको र कार्यपालकाबाट अनुमोदन भएपछि यसको पूर्ण वैधानिकता हुने छ ।

## १.५ योजना तयारीका सीमाहरु

**करदाताको सूची अद्यावधिक नहुनुः** खासगरी गाउँपालिकामा विभिन्न करदाताहरको सूची अध्यावधिक नहुँदा राजश्व संभावनाको विश्लेषण गर्न असहज भएको अवस्थालाई योजना तयारीमा सीमाको रुपमा राखिएको छ ।

**समय र स्रोतको कमिः** यो प्रतिबेदन तयारीको क्रममा शुरुदेखि अन्तसम्म कम समयमा धेरै काम गर्नु पर्ने भइ सबै विषयलाई यो प्रतिबेदनले समेट्न नसकिने जोखिम रहेको र यस प्रयोजनकालागि सीमित स्रोतमात्र खर्च गर्न सकिने, सूचना र तथ्यांक पर्याप्त उपलब्ध नभएको अवस्थाले गर्दा पनि यी विषय सीमाको रुपमा लिइएको छ ।

# परिच्छेद २: गाउँपालिकाको संक्षिप्त झलक

## २. गाउँपालिकाको संक्षिप्त झलक

यो गाउँ पलिकामा हाल बिद्यमान क्षमता विश्लेषण गरी राजस्व सुधार योजना तर्जुमा गर्न वर्तमान अवस्थामा सुनछहरी गाउँपालिकाको संक्षिप्त वस्तुस्थिति र उपलब्ध भौतिक स्रोत साधन र मानव संसाधनको संस्थागत सामर्थ्यको बढि महत्व रहन्छ । यस परिच्छेदमा खासगरी तीनै कुराहरु झल्कने गरी पालिकाको प्रकाशित पार्श्वचित्रलाई समेत आधार लिइ संक्षिप्त परिचय प्रस्तुत गरिएको छ ।

### २.१. संक्षिप्त चिनारी

नेपालको संविधानले व्यवस्था गरे अनुसार लुम्बिनी प्रदेश अर्न्तगत रोल्पा जिल्लाका १० स्थानीय तहहरुमध्ये सुनछहरी गाउँपालिका एक हो । यो गाँउपालिका रोल्पा जिल्ला सदरमुकाम लिवाङ देखी ४८ कि.मि. उत्तर पूर्वी भागमा अवस्थित रहेको छ । साविकका सेरम, गाम (भित्री/वाहिरी गाम), स्युरी, जैमाकसला, फगाम र जेलवाङ गरी ६ ओटा गा.वि.स. मिलेर बनेको यो गाउँपालिका २७७.६२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ ।

### २.२ भौगोलिक अवस्थिति

समुन्द्री सतहको ९०० मिटरदेखि ३५०० मिटरसम्मको उचाईमा रहेको सुनछहरी गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले २८ डिग्री १० मिनेट ३१ सेकेण्ड देखि २८ डिग्री २२ मिनेट ४० सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ३६ मिनेट ५७ सेकेण्डदेखि ८२ डिग्री ४८ मिनेट ०३ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । यो गाउँपालिका रोल्पा जिल्लाको जिल्ला सदरमुकाम लिबाङ्ग देखि करिब ४८ किमीको दूरीमा उत्तरपूर्वी भागमा रहेको छ ।

भौगोलिक तथा प्रशासनिक रुपमा ७ ओटा वडामा सुनछहरी गाउँपालिकालाई विभाजन गरिएको छ । पूर्व पश्चिम राजमार्गको भालुबाङ देखि करिव ७० कि.मि. भालुबाङ-रोल्पा सडकको दुरी पारगरी सुलिचौर पुगेपछि सुलिचौर-फुलिवन सडकको करिव ६ कि.मि. कच्ची सडक यात्रा पछि सुनछहरी गाउँपालिकाको सिमानामा पुग्न सकिन्छ । सुलिचौर-फुलिवन सडकतर्फको करिव १४ कि.मि. बाटो पार गरेपछि सुनछहरी गाउँपालिकाको प्रशासकीय केन्द्रमा पुग्न सकिन्छ ।

मध्ये तथा उच्चपहाडी भौगोलिक बनौटको संयोजन, अग्लापहाड र गहिरा खोल्सीहरुले भरिएको सुनछहरी गाउँपालिकाको पूर्वमा बाग्लुङ र प्यूठान, पश्चिममा रोल्पा नगरपालिका र सुनीलस्मृति गा.पा., उत्तरमा थबाङ गाउँपालिका र रुकुम जिल्ला रहेका छन्, भने दक्षिण सिमाना लुङग्री गाउँपालिकासँग जोडिएको छ ।

अति सौन्दर्यले भरिपूर्ण मनमोहक अनि प्रसिद्ध सुनछहरी झरनाको नामबाट नामाकरण गरिएको यस गाँउपालिकाको प्रशासकीय केन्द्र वडा नं ५ को पोवाङमा रहेको छ । जनसंख्याका हिसावले यो गाउँपालिकाको जनसंख्या १६०३४ छ, भने क्षेत्रफल: २७७.६२ वर्ग कि.मि. रहेको छ ।

## २..३ धरातलीय अवस्था

मध्ये तथा उच्च पहाडी भुगोल अर्न्तगत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले अधिकांश भू-भाग पहाड, भिरालो र चट्टानी क्षेत्रले ओगटेको छ । तथापि, कतिपय पहाडका काखहरुमा समथर जमिन पनि देख्न सकिन्छ । अग्ला र भिराला पहाडी श्रृंखलाले बनेका यस गाउँपालिकामा भीरपाखा तथा वसोवासयोग्य क्षेत्रसहितको विविधतायुक्त धरातलीय अवस्थिति वडा नं साविकको गा.वि.स. वडाको केन्द्र वडाको क्षेत्रफल ( वर्ग कि.मी.) समुद्री सतहदेखिको उचाइ (मि.) अक्षांस देशान्तर सुनछहरी गाउँपालिका पार्श्वचित्र २०७५ मा रहेको छ । अधिकांश क्षेत्रमा भिरालो जमिन रहेको यस क्षेत्रमा समथर भू-भाग न्युन रहेको देखिन्छ । पर्याप्त वनजंगलले ढाकेको, साना साना खोल्साहरु उल्लेख्य भएको यस गाउँपालिकाको एकैठाउमा झुप्प-झुप्प रहेका बस्तिहरु रहेका छन् ।

## २..४ प्राकृतिक सम्पदा

सुनछहरी झरना, कोठिभिर, गोङबाङ युद्धस्थल, विबाङ दह, तिलाचन ताल, जेल्बाङको चौकी आक्रमण स्थल, जेल्बाङको फलाम, सुन खानी, जलजला लगाएतका स्थानलाई धार्मिक, प्रकृतिक र युद्धपर्यटनलाई अन्तर सम्बन्धीत बनाई पर्यटन क्षेत्रलाई विकास गरेर लैजान सकिने अवस्था रहेको यस गाउँपालिकाको कूल क्षेत्रको करिव ४९.४९ प्रतिशत (८१.६२ वर्ग कि.मि.) कृषि तथा खेतीपाति गरिन्छ भने ३८.७६ प्रतिशत (४३.०१ वर्ग कि.मि.) वनक्षेत्रले ढाकेको छ । यस्तै, कूल भूभागको १०.८५ प्रतिशत झाडीक्षेत्र र ०.५६ प्रतिशत घाँसे मैदान रहेका छन् ।

यस गाउँपालिकालाई मूलप्रवाह क्षेत्र बनाएर अविरल बगिरहने लुंग्री खोला, फगाम खोला, गजुल खोला तथा नदीहरुले कूल क्षेत्रफलको ०.२७ प्रतिशत भूभाग ओगटेको छ । यी नदीनालाहरु यहाँको मुख्य प्राकृतिक सम्पदाहरु हुन् । यद्यपी यी नदीहरुका पानी सिंचाइको रुपमा कम मात्रै प्रयोग भएका छन् । यस्तै कूल क्षेत्रफलको ०.०७ प्रतिशत मात्र खुला क्षेत्र रहेको छ ।

जैविक विवधताका हिसाबले उच्च पर्यटकीय चिसो हावापानीमा पाइने जीव तथा वनस्पतिहरुमा क्रमशः घोरल, कस्तुरी, रतुवा, सल्लो, ओखर, गुराँस, सुन्तला, नास्पाती आदि पाइने गर्दछ । जंगल क्षेत्रमा पाइने प्रमुख जडिबुटीका रुपमा टिमुर, पाँचऔले आदि रहेका छन् । पहाडको माथिल्लो भागका अधिकांश स्थानमा वन तथा खर्कहरु रहेका छन् । यस गाउँपालिकाको पूर्वमा देखिने रमणीय हिमाली श्रृखलाहरुले यहाँको सुन्दरता बढाएको छ । खनिजका रुपमा नदी किनारामा बालुवा र बालुवामा सुन समेत पाइने गर्दछ ।

## २.५ साँस्कृतिक उत्कृष्टताः

ऐतिहासिक महत्वका साथै साँस्कृतिक विशेषता बोकेको यस गाउँपालिका मगरात तथा खस सभ्यता तथा हिन्दु एवं बौद्ध साँस्कृतिको अनुपम संयोजन रहेको छ । आदीवासी मगर समुदायको ७० प्रतिशत भन्दा बढी बसोबास रहेको यस गाउँपालिकामा क्षेत्री, ब्राम्हण, दलित, सन्यासी जातिको समेत मिश्रित बसोवास रहेकोछ । यस गाउँपालिकामा मुख्य कामकाजको भाषा नेपाली रहेको छ भने समुदायहरु बीच आपसी बोलिचालीको भाषा मगर तथा स्थानीय खाम भाषा पनि उत्तिकै प्रचलनमा छ । । धार्मिक रुपमा हिन्दू धर्मालम्बीहरुको उच्च

बाहुल्यता रहेको यो गाउँपालिकामा मनाइले चाडपर्वहरुमा कृष्णाष्टमी, तीज, जनैपूर्णिमा, दशैं, तिहार, माघे संक्रान्ति, चैते दशैं आदि रहेका छन् ।

धार्मिक तथा भाषिक रुपमा करिव विविधतामा एकता रहेको यो गाउँपालिकामा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभुषाका रुपमा पुरुषहरुले मुख्य रुपमा कमिज पाइन्ट, टोपी, कोट, कमिज तथा पाइन्ट र महिलाले गुन्यु चोली र पटुकी लगाउने गर्दछन् । यद्यपी पछिल्लो चरणमा महिलाहरुले कुर्था सुरुवाललाई प्राथमिकता दिएको पाइन्छ । यस गाउँपालिकामा जलजलामा ब्रह्मा पुजा वर्षको ३ पटक, भदौरे पुजा, जेठासी मेला, मङसीरे मेला, लुङमा मेला, माघे सक्रान्ती मेला, कुल बराह मेला, भुमे पुजा आदी सांस्कृतिक पूजा पर्व मनाउने गरिन्छ ।

## २.६ विकासका सम्भावनाहरु

सुनछहरी गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु, आर्थिक अभ्यास र उपलब्ध मानवीय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने होभने यस गाउँपालिकामा आर्थिक, सामाजिक, पूर्वाधार तथा साँस्कृतिक विकासका प्रशस्त सम्भावनाहरुको आँकलन गर्न सकिन्छ । यस गाउँपालिकाका विकासका संम्भावनाहरुलाई देहाय बमोजिमको बुँदाहरुमा प्रस्तुत गरिएको छ ।

**क) उन्नत जातका पशुपंक्षीको व्यवसायिक पालन र बजारिकरणः** यस क्षेत्रका परम्परागत पशुपालक कृषकहरुको अनुत्पादक (निर्वाहमुखि) पशुहरु जस्तैः सामान्य जातका बाख्रा, भेडा, गाई, भैँसी आदिलाई नश्ल सुधार गरी उन्नत जातका नश्लहरुमा विस्थापित गरी पशुद्वारा उत्पादन हुने मासु तथा दुग्धजन्य पदार्थहरुलाई प्रवर्द्धन गरी थप आर्थिक वृद्धि गर्न सकिन्छ ।

**ख) व्यवसायिक तरकारी खेती:** गाउँपालिका भित्रको जलवायु, मौसम, वातावरण तथा माटो परिक्षण गरी पकेट तथा जोन क्षेत्रहरुको विकास गरी व्यवसायीक तरकारी खेतिको प्रचुर संभावना देखिन्छ । गाम, सेरम, फगाम, जेल्वाङ्ग, जैमाकसला लगायतका तटीय क्षेत्र (खोलाका जनिकमा रहेका खेतबारीहरु)लाई उपलब्ध पानीका स्रोतहरुलाई उचित र वैज्ञानिक ढंगले सिंचाईको व्यवस्थापन गरी अर्गानिक एवं मौसमी तथा बेमौसमी व्यवसायिक तरकारी खेतीको प्रवर्द्धन गरी आन्तरिक आवश्यकता परिपूर्ती गर्दै बाँकी रहेका बाह्य निकासा गरी कृषकहरुको आर्थिक स्तरमा वृद्धि गर्न सकिन्छ ।

**ग) फलफूल क्षेत्रको पहिचान र विकास :** यहाँ उत्पादन हुने उच्च पहाडी तथा समसितोष्ण हावापानीमा हुने खालका सुन्तला, कागती, नास्पाती, मौसम, केरा, आँप, मेवा, किवी, कालो अंगुर, आरु बखडा, ओखर, अम्बा, आरु आदि फलफूलहरुलाई व्यवसायिक रुपमा उत्पादन तथा वितरण गर्न कृषकहरुलाई प्रोत्साहन गर्न सकिन्छ ।

**घ) सामुदायिक तथा व्यक्तिगत जमिनमा जडिबुटी खेती तथा संरक्षण** :यस क्षेत्रमा पाइने पदमचाल, टिमुर, पाँचऔले, दालचिनी, सतुवा, अमला, रिठा, चिराइतो आदि जस्ता जडिबुटीहरुको प्रवर्द्धन, उत्पादन, संरक्षण, प्रशोधन गर्नुका साथै यसको महत्व र उपयोगिताको बारेमा प्रकाश पारी कृषकहरुलाई व्यवसायिक बनाउन प्रात्साहन गर्ने ।

**ङ) बजार क्षेत्रमा सुलभ पहुँचः**

गाउँपालिकामा विस्तार भएका सडक सञ्जालहरुलाई बाह्रै महिना सञ्चालनमा ल्याउनको लागि स्तरोन्नती गर्नुका साथै थप सडक सञ्जाल विस्तार गर्दा स्थानीय उत्पादन एवं उपभोगलाई प्रवर्द्धन गर्ने गरी प्राथमिकता दिने ।

**च) प्राकृतिक खानी उत्खनन् तथा संरक्षण :** यस गाउँपालिका भित्र रहेका फलाम, तामा, शिसा तथा सुन खानीहरुको वैज्ञानीक रुपमा अध्ययन, उत्खनन्, प्रशोधन तथा प्रवर्द्धन गरी उद्योगको विकास गर्न सके स्थानीय स्तरमै आयआर्जन, रोजगारीको प्रचुर संभावना बढ्ने देखिन्छ ।

**छ) वातावरण अनुकूलन कार्यक्रमः** वन तथा वातावरण क्षेत्रको दीगो र वैज्ञानिक व्यवस्थापन सहित जलवायु परिवर्तन, बाढी पहिरो, भू-क्षयबाट पर्नजाने प्रभावको न्यूनीकरण गर्नका लागि वृक्षरोपण गर्ने तथा विकासका प्रयासहरुलाई प्रकृतिमैत्री, वातावरण अनुकुल र दीगो बनाउन सकिने संभावना रहेको छ ।

**ज) शैक्षिक सुधार कार्यक्रमः** यस गाउँपालिकामा सञ्चालित विद्यालयहरुले दिने शिक्षाको गुणस्तरमा तीव्र वृद्धि गर्दै, विद्यार्थीहरुलाई विद्यालयमा भिकाउने, टिकाउने, पढाउने र योग्य, सक्षम र गुणस्तरीय नागरिक उत्पादन गर्नको लागि आगामी दिनमा क्याम्पस तथा प्राविधिक विद्यालयहरु स्थापना गरी यहाँका नागरिकहरुलाई व्यवहारिक तथा जीवन उपयोगी शिक्षा प्रदान सकिन्छ ।

**झ) कला संकृतिको जगेर्ना र पर्यटकीय क्षेत्रको विकास**ः गाउँपालिकास्तरमा रहेका धार्मिक तथा पर्यटकीय क्षेत्र, स्थानीय मगरात तथा अन्य कला, संस्कृति, भाषा, साहित्य लगायत अन्य स्थानीय सम्पदाहरुको संरक्षण, विकास र प्रवर्द्धन गर्दै संभावित स्थानहरुमा होमस्टे (घरबास कार्यक्रम) स्थापना गर्नाले गाउँपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा प्रचारप्रसार गर्न सकिन्छ । जलजला, जेल्वाङ्ग, तमाखे जस्ता युद्ध पर्यटनका संभावना भएका स्थानहरुलाई गुरिल्ला मार्गसँग जोडी युद्ध पर्यटनको रुपमा विकास गर्न सकिन्छ ।

**ञ) जल उपयोग गुरुयोजना र विकासः** यहाँका सम्भावित क्षेत्रमा लघु जल विद्युत उत्पादन तथा वैकल्पिक नवीकरणीय उर्जाको प्रयोगबाट आत्मनिर्भर बन्नुका साथै विद्युतीय सेवा उपलब्ध गराउने गाउँपालिकाको रुपमा स्थापित गर्न सकिन्छ ।

**ट) खानेपानी तथा सरसफाई**ः गाउँपालिकाको सम्पूर्ण वडाको सम्पूर्ण टोलहरुमा खानेपानी तथा थोपा सिंचाई, साना सिंचाई, ठूला सिंचाई (तटिय भागहरुमा) को विस्तार गरी कृषकहरुले आवश्यक पर्ने मौसमी तथा बेमौसमी तरकारी तथा खाद्यान्नहरु उत्पादनमा सहजता ल्याई जनताको जीवनस्तर माथि उठाउन सक्ने संभावना देखिन्छ ।

**ठ) विपद् जोखिम व्यवस्थापन गरी उत्थानशील समाजको विकासः** भूकम्प, बाढीपहिरो तथा हावाहुरी जस्ता प्राकृतिक जोखिमबाट हुनसक्ने क्षतिलाई कम तथा न्यूनीकरण गर्न तत्काल उद्धार तथा राहत वितरण कार्यमा तदारुकता देखाइनेछ । साथै, यसबाट बच्नको लागि आवश्यक अनुसार चेतनामूलक कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

**ड) सुशासन, समावेशीकरण र सामाजिक न्यायको प्रवर्द्धन**: गाउँपालिका तथा यस भित्र रहेका सम्पूर्ण वडा समितिहरुबाट प्रदान गरिने सबै खालका कामकारवाहीहरुलाई सेवामुखी र उत्तरदायी बनाउन सूचकसहित अनुगमन तथा मूल्याङ्कन गरी त्यसको परिणाम प्रत्येक चौमासिकमा सञ्चारकर्मी, मानव अधिकारवादी, नागरिक समाज तथा आम जनतामाझ सार्वजनिक गरिने उल्लेख छ । यसका साथै, गाउँपालिका ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरु पूर्णरुपमा नियमसँगत तरिकाले अक्षरश पालना गर्ने पतिबध्दता ब्यक्त गरिएको छ ।

**२.७ बस्ती र घरपरिवारमा जनसंख्या वितरणः** सुनछहरी गाउँपालिकामा भौगोलिक बनावटका कारण पनि बस्तिहरु टाढा टाढा रहेका छन्, तर बस्ति भित्रका घरहरु भने एक आपसमा झुप्प, झुप्प भएर रहेका छन् । गाउँपालिका भरिमा कुल १०८ वटा प्रमुख टोल बस्तीहरु रहेका छन् ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको कूल घरपरिवार र जनसंख्या क्रमशः ३५८६ र १७२४१ रहेको छ । विवरण अनुसार औषत घरपरिवारको आकार ४.८१ र लैंगिक अनुपात ९२.६२ रहेको छ ।

**तालिका १ वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण**

| वार्ड | घरधुरी संख्या | जनसंख्या | | | सरदर घरपरिवारको आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | ४१६ | २०६६ | १०२५ | १०४१ | ४.९७ | ९८.४६ |
| २ | ४३६ | २१७० | १०८२ | १०८८ | ४.९८ | ९९.४५ |
| ३ | ५०७ | २२४४ | १११२ | ११३२ | ४.४३ | ९८.२३ |
| ४ | ४३३ | १८४६ | ८२१ | १०२५ | ४.२६ | ८०.१० |
| ५ | ६६८ | ३३७८ | १६५३ | १७२५ | ५.०६ | ९५.८३ |
| ६ | ५५१ | २५०० | ११३४ | १३६६ | ४.५४ | ८३.०२ |
| ७ | ५७५ | ३०३७ | १४६३ | १५७४ | ५.२८ | ९२.९५ |
| जम्मा | ३५८६ | १७२४१ | ८२९० | ८९५१ | ०.८१ | ९२.६२ |

*श्रोतः राष्ट्रिय जनगणना, २०७८*

**मातृभाषाको आधारमा जनसंख्या**

मातृभाषाको रुपमा यस गाउँपालिकामा नेपाली भाषा (५०.७६ प्रतिशत) रहेको छ भने मगर भाषा र खाम भाषालाई आफ्नो मातृभाषा बताउने जनसंख्या क्रमश ४२.७१ र ६.१३ प्रतिशत रहेका छन् । भाषाको हिसाबले पनि यस गाउँपालिकामा विभिन्न भाषाभाषीको बसोबास रहेकोछ । करिव ७० प्रतिशत जनसंख्या मगर जातिको रहेकोमा झण्डै ४९ प्रतिशतले मगर वा खाम भाषा प्रयोग गर्दछन्, भने अन्य ले नेपाली भाषा नै प्रयोग गरेको पाइयो ।

### धर्म अनुसार जनसंख्या

धार्मिक हिसाबले गाउँपालिका भित्र रहेका धर्महरुमध्ये सबैभन्दा उच्च हिन्दू धर्म मान्नेहरु ८८.३० प्रतिशत रहेका छन् । त्यसैगरी, बौद्ध धर्म ११.५० प्रतिशत र इसाइ धर्म ०.२० प्रतिशत मान्नेहरुको जससंख्या रहको देखिन्छ ।

### जातजाति अनुसार जनसंख्या

गाउँपालिकाको जनसंख्याको दृष्टिकोणबाट सानो संख्या भए पनि जातजातिको बसोबास तथा संस्कृतिको हिसाबले सम्पन्न गाउँपालिका हो । यस गाउँपालिकाका विभिन्न जातिहरु जस्तै क्षेत्री, बाहुन -पहाडी, मगर, कामी, नेवार, सार्की, कामी, दमाई, सन्यासी/दशनामी, थकाली र गुरुङ्ग, गरी ११ भन्दा बढी जातजातिको बसोबास रहेको पाइन्छ ।

जातजातिको संख्याको हिसाबले हेर्दा यस गाउँपालिकामा सबैभन्दा बढी मगर (७०.२८ प्रतिशत) र त्यसपछि क्रमशः दलित कामी, दमाइ, सार्की र अन्य दलित गरी (२०.१० प्रतिशत), क्षेत्री (७.९३ प्रतिशत), रहेका छन्भने थकाली, गुरुङ्ग, सन्यासी/दशनामी, नेवार, ब्राम्हणको जनसंख्या १ प्रतिशत भन्दा कम रहेको छ ।

### पेशाका आधारमा जनसंख्या

कूल जनसंख्याको ८८.५० प्रतिशत घरधरी कृषि पेशामा आवद्ध भएको पाईन्छ । त्यस्तै, व्यापार १०.९ प्रतिशत, घरेलु उद्योगमा आश्रित घरपरिवार ९.२ प्रतिशत, नोकरीमा १२.६ प्रतिशत, दैनिक ज्याला मजदूरीमा आश्रित जम्मा घरपरिवार ३०.५ प्रतिशत, र वैदेशिक रोजगारीमा ३०.५ प्रतिशत रहेको छ ।

### आर्थिक रुपले सक्रिय जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्या अर्थात् आर्थिक आयका लागि काम गर्न सक्ने उमेरका जनसंख्या (१५-५९ वर्ष) ९४३५ रहेका छन् । आर्थिक रुपले सक्रिय जनसंख्याको विवरणलाई विश्लेषण गर्दा राष्ट्रिय जनगणना २०७८ ले १० बर्ष भन्दा माथिको उमेरको जनसंख्या १७२४१ देखाएको छ जस मध्दे रोजगार ४२२१ तथा ४९५६ आर्थिक रुपले सक्रिय भएको पाईएको छ ।

### अपाङ्गताको आधारमा जनसंख्या

यस गाउँपलिकाका राष्ट्रिय जनगणना २०६८ को तथ्यांक अनुसार कुल अपांगता भएका व्यक्ति ३९६ जना रहेका छन् । जसमध्ये महिला १७५ जना र पुरुष २२१ जना रहेका छन । अपांगताको किसिमको आधारमा विश्लेषण गर्दा सबै भन्दा धेरै १५१ जनामा शारिरिक अपांगता रहेको देखिन्छ भने सबैभन्दा कम सुन्न र हेर्न दुवै नसक्ने प्रकारका जम्मा २ जनामा रहेको देखिन्छ । वडागत रुपमा हेर्दा सबैभन्दा धेरै अपांगता भएका व्यक्ति वडा नं ७ मा रहेको देखिन्छ भने सबैभन्दा कम अपांगता भएका व्यक्तिहरु वडा नं ५ जैमाकसलामा रहेको देखिन्छ ।

### २.८ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वीत संख्याः

नेपाल सरकारको सामाजिक सुरक्षा नीति तथा कार्यक्रम अनुरुप यस गाउँपालिकाबाट ज्येष्ठ नागरि, विपन्न दलित तथा असहाय, एकल महिला, अपांगता भएका नागरिकहरु सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वीत भएका छन् । यस गाउँपालिकामा जम्मा १०५० महिला र४९८ जना पुरुष गरी जम्मा १५४८ जनाले सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वीत रहेका छन् ।

### २.९ मुख्य पेशा सम्बन्धी विवरणः

कूल जनसंख्याको ८८.५० प्रतिशत घरधुरी कृषि पेशामा आवद्ध भएको पाईन्छ । त्यस्तै, व्यापार १०.९ प्रतिशत, घरेलु उद्योगमा आश्रित घरपरिवार ९.२ प्रतिशत, नोकरीमा १२.६ प्रतिशत, दैनिक ज्याला मजदूरीमा आश्रित जम्मा घरपरिवार ३०.५ प्रतिशत, र वैदेशिक रोजगारीमा ३०.५ प्रतिशत रहेको छ ।

### २.१० विपन्नता स्तरीकरण

वडा अनुसार अति गरिव, गरिब, मध्यम र सम्पन्न गरी भागमा विपन्नता स्तरीकरण गरिएको छ । यस गाउँपालिकामा कूल घरपरिवारको ६४.४० प्रतिशत घरधुरी अति गरिब भएको पाईन्छ । त्यस्तै, गरिब १९.९ प्रतिशत, मध्यम घरपरिवार १४.४ प्रतिशत र सम्पन्न घरपरिवार २.३ प्रतिशत रहेको छ । वडा अनुसार अति गरिब प्रतिशत वडा नं ७ मा सबैभन्दा बढी ८९.२ प्रतिशत र सबैभन्दा कम वडा नं. ६ मा ४७.७ प्रतिशत रहेको छ ।

### २.११ आफ्नो खेतबारीको उत्पादनबाट खाद्यान्न उपलब्धता

समग्र खाद्यान्न उत्पादन र खाद्यान्न आपूर्तिको अवस्थालाई हेर्ने हो भने यस गाउँपालिकामा कूल घरपरिवारको आफ्नो खेतबारीको उत्पादनबाट खाद्यान्न उपलब्धताका ३ महिनाभन्दा कम खान पुग्ने परिवार २१.५ प्रतिशत, ६ महिना खान पुग्ने परिवार ५३.५ प्रतिशत, ९ महिना खान पुग्ने परिवार ५.५ प्रतिशत, १२ महिना खानपुग्ने परिवार १.७ प्रतिशत र खान पुगेर बेच विखन गर्ने परिवार १७.१ प्रतिशत रहेको छ । यसका आधारमा विश्लेषण गर्दा यस गाउँपालिकामा खाद्यान्न आपूर्तिमा अभावको अवस्था देखिन्छ।

### २.१२ परिवारको स्वामित्वमा रहेको जग्गा जमिनः

यस गाउँपालिकामा परिवारको स्वामित्वमा जग्गा नै नभएका १.१ प्रतिशत, २ रोपनीभन्दा कम १३.२ प्रतिशत, २ देखि ५ रोपनीसम्म २५.३ प्रतिशत, ६ देखि १० रोपनीसम्म १५.५ प्रतिशत, ११ देखि २० रोपनीसम्म २५.९ प्रतिशत र २० रोपनी भन्दा माथि १९.० प्रतिशत परिवार रहेको छ । साथै, यस गाउँपालिकाको कूल क्षेत्रफलको ४९.४९ प्रतिशत कृषि योग्य जमिनको खेत ६.८ प्रतिशत, बारी ७२.३ प्रतिशत र खरबारी २०.८ प्रतिशत रहेको छ ।

### २.१३ पारिवारिक आम्दानीः

यस गाउँपालिकामा औसत मासिक पारिवारिक आम्दानी (रुपैयाँमा) ३,००१ देखि ५,०००, प्रति परिवार १.७१ प्रतिशत, ५,००१ देखि १०,००० रुपैयाँ मासिक पारिवारिक आम्दानी ६.७ प्रतिशत परिवार, १०,००१ देखि

१५,००० रुपैयाँ मासिक पारिवारिक आम्दानी ४.४९ प्रतिशत परिवार, १५,००१ देखि २५,००० रुपैयाँ मासिक पारिवारिक आम्दानी १२.४४ प्रतिशत परिवार र २५,००१ रुपैयाँभन्दा माथि मासिक पारिवारिक आम्दानी ११.९३ प्रतिशत परिवार रहेको छन् भने ३००० भन्दा कम आम्दानि रहेको परिवार संख्या ६२.७७ रहेको छ ।

## २.१४ पारिवारिक बचतः

यस गाउँपालिकामा औसत मासिक पारिवारिक बचत (रुपैयाँमा) शून्य बचत परिवार ७८.१ प्रतिशत, ५०० देखि १००० रुपैयाँ मासिक बचत १२.७३ प्रतिशत परिवार, १००१ देखि २००० रुपैयाँ मासिक बचत १.७९ प्रतिशत परिवार, २००१ देखि ३००० रुपैयाँमासिक बचत ०.५७ प्रतिशत परिवार र ३००१ देखि ५००० रुपैयाँ मासिक बचत ०.०० प्रतिशत परिवार, ५००१ देखि १०००० रुपैयाँ मासिक बचत ०.५७ प्रतिशत परिवार, १०००० रुपैयाँ भन्दा माथि मासिक बचत ६.२९ प्रतिशत परिवार रहेको छ ।

## २.१५ आवास संरचनाको विवरण

यस गाउँपालिकाको आवास संरचनाको बनौटलाई विश्लेषण गर्दा कुल ३५८६ घरधुरी मध्ये घरको छानाका आधारमा बर्गिकरण गर्दा सबै भन्दा बढि १५५९ घर ढुंङ्गा तथा स्लेटले छाएका छन भने दोस्रोमा १३१८ घर कर्कटपाताले छाएका घर छन । धरको छानाको प्रकार अनुसारको बिस्तृत बिबरण तल तालिकामा दिईएको छ,

**तालिका २ वडागत रुपमा आवास संरचनाको विवरण**

| वार्ड | जम्मा | छानाको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कर्कटपाता | ढलान | खर तथा पराल | टायल | ढुंङ्गा तथा स्लेट | काठ तथा तखता | माटो | अन्य |
| १ | ४१६ | १४७ | ५ | २८ | ० | २३४ | २ | ० | ० |
| २ | ४३६ | ४९ | ६ | २३ | ० | २६ | ३३० | ० | २ |
| ३ | ५०७ | २४४ | ६ | १३४ | ० | १२२ | १ | ० | ० |
| ४ | ४३३ | २१६ | ६ | ८२ | ० | १२९ | ० | ० | ० |
| ५ | ६६८ | २६८ | ५ | ६ | १ | ३८६ | १ | ० | १ |
| ६ | ५५१ | ६८ | १ | २ | १ | ४७७ | ० | ० | २ |
| ७ | ५७५ | ३२६ | १६ | १० | ० | १८५ | ३८ | ० | ० |
| जम्मा | ३५८६ | १३१८ | ४५ | २८५ | २ | १५५९ | ३७२ | ० | ५ |

## २.१६ आयात निर्यातको अवस्था

मुख्य गरी कोदो, जौं, सिमी, वोडीको दाल लगायतका खाद्यान्न, सुन्तला जातका फलफुल, काउली, बन्दा, लसुन, अदुवा , वेसार जस्ता स्थानीय उत्पादनहरु गाउँपालिका बाहिर सुलिचौर र लिबाङ बजारसम्म सानो परिमाणमा निर्यात गरेको पाइन्छ । यसैगरी अल्लो धागो र यसबाट बनेका वस्तुहरु, पदमचाल, टिमुर, पाँचऔले, निगालो र यसबाट बनेका समाग्रीहरु पनि निर्यात हुने गरेको पाइन्छ ।

खसी बोका, बाखा, स्थानीय जातका कुखुरा लगायतका पशुपंक्षीहरु पनि थोरै परिमाणमा निर्यात हुने गरेको पाइन्छ । यस गाउँपालिकामा निर्यातको तुलनामा आयातको परिमाण उल्लेख्य मात्रामा धेरै रहेको पाइन्छ । मुख्यगरी चामल, तेल, नुन, जस्ता उपभोग्य सामाग्री, कपडा लगायतका फेन्सी आइटमहरु, ब्रोइलर कुखुरा लगायतका उपभोग्य वस्तुहरु ठुलो परिमाणमा आयात गर्ने गरेको पाइन्छ ।

## २.१७ वैदेशिक रोजगारीमा गएकाको विवरण

यस गाउँपालिकाका कुल ३०१६ घरधुरीका मध्य ११९८ जना भारत बाहेकको वैदेशिक रोजगारीमा गएको पाइन्छ । सुनछहरी गाउँपालिकाका सबै वडाहरुबाट वैदेशिक रोजगारीमा जाने अनुपात बराबरी जस्तो देखिन्छ, भने रोजगारीको लागि भारतमा जाने व्यक्तिहरुको संख्या समेत उल्लेख्य रहेको छ । वैदेशिक रोजगारीमा जानेहरुको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ३ वैदेशिक रोजगारीमा जानेहरुको विवरण**

| वडा नं | नेपाल भित्र | भारतमा | भारत बाहेक अन्य देश | जम्मा |
|---|---|---|---|---|
| **१** | ३४ | ९८ | १३४ | २६६ |
| **२** | ५६ | ११० | १७८ | ३४४ |
| **३** | ४१ | ७६ | १८९ | ३०६ |
| **४** | ३२ | ४८ | १२८ | २०८ |
| **५** | ५४ | १२१ | २०५ | ३८० |
| **६** | ४२ | ५९ | १६९ | २७० |
| **७** | ५६ | ४६ | १९५ | २९७ |
| **जम्मा** | **३१५** | **५५८** | **११९८** | **२०७१** |

## २.१८ आर्थिक गतिविधि:

सुनछहरी गा.पा.मा कृषि विकासको हिसावले संभावना रहेको भुगोल बिद्यमान छ । मध्ये तथा उच्च भागमा हुने मकै, गहुँ, जौं, कोदो, आलु, बोडी, सिमी, केराउ जस्ता बालिहरु, सुन्तला तथा अमिलो जातका फलफुलहरुको उत्पादन तथा टिमुर, अलैंची, अदुवा, बेसार जस्ता नगदे बालि एवं जडिबुटीहरुको यस क्षेत्रमा प्रशस्त संभावना रहेको छ ।

खेतियोग्य जमिनमा सिंचाई सुविधा उपलब्धताको हिसावले यस गाउँपालिकामा सिंचाई सुविधा अत्यन्त कम मात्र उपलब्ध रहेको देखिन्छ । कुल कृषियोग्य जमिन ४४०३ हेक्टर रहेकोमा जम्मा ३ प्रतिशतमात्र सिंचित भएको पाइन्छ । जम्मा ७ वटा सिंचाई योजनाबाट २६ हेक्टर मात्र जमिन सिंचाई भएको अवस्था छ । यसका अतिरिक्त आधिकांश कृषियोग्य भूमिलाई सिंचाईको लागि आकाशे पानीमा भर पर्नु पर्दछ । यस गाउँपालिकाका ९० प्रतिशत घरधुरीहरुले भेडा बाखा पाल्ने गरेका छन भने गाइ भैंसी पाल्ने करिव ६५ प्रतिशत रहेका छन् ।

यस गाउँ पालिकाका हालसम्म विभिन्न कृर्षि फर्महरु दर्ता भई व्यवसायीक कृषि तर्फ अग्रसर भएका छन् भने ३२ ओटा कृषक समुहमा आवद्ध २६८ महिला कृषक र २६६ पुरुष कृषक गरी जम्मा ५३४ जना कृषकहरु कृषि पेशामार्फत आफ्नो जीविका निर्वाह गरिरहेको पाइन्छ ।

## २.१९ पर्यटन विकास

यस गाउँपालिकाको नाम नै सुन्दर मनमोहक झरना सुनछहरीको नामबाट नामाकरण गरिएको छ । यस सुनछहरी गाउँपालिका प्राकृतिक पर्यटनको हिसावले महत्वपूर्ण रहेको छ । सुनछहरी झरना, कोठिभिर, गोङबाङ युद्धस्थल, विबाङ दह, तिलाचन ताल, जेल्बाङको चौकी आक्रमण स्थल, जेल्बाङको फलाम, सुन खानी, जलजला लगाएतका स्थानलाई धार्मिक, प्रकृतिक र युद्धपर्यटनलाई मगरात संस्कृति र परम्परासँग अन्तर सम्बन्धीत बनाई पर्यटन क्षेत्रलाई विकास गरेर लैजान सके सुनछहरी गाउँपालिका पर्यटन क्षेत्रबाट लाभान्वीत हुन सक्ने देखिन्छ ।

## २.२० सामाजिक अवस्था

**शिक्षा :** गाउँपालिका भित्र कूल ३३ वटा शैक्षिक संस्था रहेका छन् । जसमध्ये आधारभूत तहका विद्यालय २७ वटा र माध्यामिक तहको ६ वटा रहेको छ । ३३ मध्ये ३२ ओटा सामुदायीक विद्यालय रहेका छन् भने १ ओटा नीजि विद्यालय रहेको छ । गाउँपालिका क्षेत्रको साक्षरताको स्थिति हेर्दा पाँच वर्ष माथिको कूल १५५५५ जनसंख्यामध्ये ७२.०९ प्रतिशत साक्षर रहेका छन् । लैङ्गिकताका आधारमा पुरुष ८१.४३ प्रतिशत र महिला ६३.४६ प्रतिशत साक्षर रहेका छन् । वडागत रुपमा विश्लेषण गर्दा सबै भन्दा कम साक्षरता दर वडा नं ६ को ६६.८९ प्रतिसत रहेको छ भने सबै भन्दा बढि साक्षरता दर वडा नं ५ मा ७७.४५ प्रतिशत रहेको छ ।

**स्वास्थ्य तथा पोषण :** यस गाउँपालिकामा स्वास्थ्य सेवा प्रदान गर्दै आएका ६ ओटा स्वास्थ्य चौकी तथा वडा नं २ मा १ ओटा सामुदायीक स्वास्थ्य इकाई तथा निजी क्षेत्रहरुबाट सञ्चालित अन्य सेवा प्रदायकहरुले जनस्तरमा रोग लाग्नु अघिको रोकथामयुक्त, प्रतिकारात्मक एवम् प्रवर्द्धनात्मकसँगसँगै सामान्यरुपमा उपचारात्मक सेवा पनि प्रदान गर्दै आएको स्थिति देखिन्छ । यी संस्थाहरुमा पर्याप्त र उपयुक्त आवश्यक भौतिक पूर्वाधार, उपकरण तथा सामाग्रीको अभाव र आवश्यक र दक्ष स्वास्थ्यकर्मीहरुको पनि कमी रहेको अवस्था छ । कूल जनसंख्या र स्वास्थ्यकर्मीहरुको अनुपातसमेत ज्यादै न्यून रहेको छ । गाउँपालिकामा विशेषगरी स्वासप्रश्वास जन्य रोगहरु, पानी जन्यरोगहरु, दमको विरामी र महिलाहरुमा पाठेघरको समस्या रहेको पाइन्छ ।

**खानेपानीको श्रोतको आधारमा घरपरिवार** : राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिका क्षेत्रमा रहेका कूल ३५८६ घरपरिवारमध्ये सबैभन्दा उच्च ३३२१ अर्थात ९२.६१ प्रतिशत घरपरिवारले पाइपको धाराको पानी उपयोग गर्दछन् भने नढाकिएको इनार वा कुवाको पानी उपभोग गर्ने घरपरिवार ५० मात्र रहेको छ । सुनछहरी गाउँपलिकाको सामान्यत सुरक्षित पानी उपयोग गर्ने घरपरिवार करिव ९२.६१ प्रतिशत रहेका छन्भने तुलनात्मक रुपमा असुरक्षित श्रोतको (नढाकिएको कुवा, खुल्ला स्थान र खोला वा नदी) पानी उपभोग गर्ने घरपरिवार २१५ रहेको छ ।

## २.२१ वन तथा वातावरणीय स्थितिः

वन क्षेत्र यस गाउँपालिकाका लागि प्रमुख प्राकृतिक स्रोत हो । यस गाउँपालिकामा वनको क्षेत्रफल तथा जैविक विविधताका दृष्टिकोणले धनी क्षेत्र हो । गाउँपालिकाको कूल क्षेत्रफलका ६४ प्रतिशत भूमि वनजंगलले ढाकेको छ । तर हालका वर्षहरूमा वन अतिक्रमण बढ्दै जाँदा चोरी निकासी गर्नेहरूको संख्यासमेत निरन्तर वृद्धि हुँदै कारण यहाँ वनको क्षति बढ्दो अवस्थामा देखिन्छ ।

## २.२२ भौतिक विकासको अवस्था

**सडकः** सुनछहरी गाउँपालिकामा कमै मात्र सडक संजालको सुविधा पुगेको देखिन्छ । वडा नं. २ भित्री गाम मात्र सडक संजालसँग नजोडिएको भए पनि गाउपालिकाको केन्द्रबाट सिधै सडक नजोडिदा सेवाग्राहीहरु घुमाउरो र लामोयात्रा मार्फत केन्द्रमा सेवा लिन आउनु पर्ने बाध्यता रहेको छ । सामान्य अवस्थामा मोटर संचालन हुने १११ कि.मि मौसमि र धुले सडक रहेका छन्भने धेरैजसो रणनीतिक महत्वका सडकहरु नयाँ ट्र्याक खुल्ने क्रममा रहेका छन् ।

**पुल तथा पुलेसाः** गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न खोलानालाहरुमा रहेका पक्की तथा झोलुङ्गे पुलहरुले गाउँपालिकाका विभिन्न स्थानहरुलाई जोडेको छ । यस गाउँपीलकामा मुख्य खोलाहरुमा पक्कीपुलको अभाव रहेको देखिन्छ । भैसाखाल खोला मोटरेवल पुल जेल्बाङ, गाजाखोला मोटरेवल पुल गाम, विमलेघाट मोटरेवल पुल स्यूरी, प्रतापबादी मोटरबाटो पुल सेरम, तासिबाङ खोला मोटरेवल पुल फगाम, जस्ता महत्वपूर्ण स्थानमा पुल निर्माण गर्न बाञ्छनीय देखिन्छ । वर्षे मौसमका खोला तथा खोल्साहरु धेरै रहेको र कतिपय आवश्यक स्थानमा समेत झोलुङ्गे वा पक्की पुलहरु नभएकोले यातायातमा कठिनाइ भएको पाइन्छ । यस गाउँ पालिकामा जम्मा ४७ ओटा झोलुगें पुलहरु रहेकोमा ७ ओटा पूलहरु जिर्ण अवस्थामा रहेका छन भने अन्य पुलहरु सामान्य चालु अवस्थामा रहेका छन् ।

**खाना पकाउँने ईन्धन**: राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिका क्षेत्रमा ३४६२ अर्थात ९६.५४ प्रतिसत घरपरिवारमा दाउरालाई खाना पकाउने मुख्य इन्धनको रुपमा दाउराको उपयोग गर्ने गर्दछन् । ग्याँस प्रयोग गर्ने ११४ घरपरिवार र बिजुली प्रयोग गर्ने ४ तथा मट्टितेल प्रयोग गर्ने २ परिवार छन । गोबर ४ परिवार गुइठा र अन्य खालको इन्धनको रुपमा उपयोग हुँदै आएको छ ।

**बत्ति बाल्ने ईन्धनः** राष्ट्रिय जनगणना २०७८ अनुसार यस सुनछहरी गाउँपालिका क्षेत्रमा बत्तिको लागि बिद्युत उपयोग गर्ने १८२१, सोलार प्रयोग गर्ने १५३५ तथा मट्टितेल १२ परिवार अन्य दियालो लगायतको ईन्धन प्रयोग गर्ने २१८ परिवार रहेका छन ।

**सञ्चार तथा प्रविधिः** यस गाउँपालिका सबै वडाहरुमा मोवाइल फोनको नेटवर्क उपलब्ध रहने गरी पनि उर्जा तथा टावरको अभावमा सेवा प्रभावकारी रहेको छैन । वडा नं २, ३ र ४ का केही बस्तिमा मोवाइल फोनको नेटवर्क नटिप्ने पाइएको छ भने कतिपय घरधुरीले आर्थिक विपन्नताका कारण समेत मोवाइल प्रयोग नगर्ने गरेको छ ।

**आवास माथिको स्वामित्वः** राष्ट्रिय जनगणना २०७८ अनुसार यस सुनछहरी गाउँपालिका क्षेत्र रहेका कूल ३५८६ घरपरिवार मध्ये ३५०० घर (९७.६०) प्रतिशत आफ्नै घरमा बस्ने गरेको देखिन्छ। त्यसैगरी, भाडामा बस्नेको घरपरिवार संख्या ५७, संस्थागत ८ र अन्य खालको स्वामित्व भएका घरमा वस्ती २१ मात्र रहेको छ।

**छानाको आधारमा घरधुरीको विवरणः** राष्ट्रिय जनगणना २०७८ अनुसार कूल घरधुरी ३५८६ रहेको यस गाउँपालिकामा सबैभन्दा धेरै १५५९ घरहरु ढुङ्गा वा स्लेटले छाएको छ भने दोस्रोमा १३१८ घरहरु टिनले छाउका छन। तेस्रोमा काठ तथा फल्याकले छाएका ३७२ घर तथा चौथोमा फुस तथा खरले छाएका २८५ घर छन सबै भन्दा कम २ घर टायलले छाएका र ४५ घर भने आरसिसि गरिएको छ। यातायातको सुविधा बढ्दै जाँदा, र मानिसको जीवनस्तरमा क्रमश सुधार हुँदै जाँदा यस गाउँपालिकामा पनि खरको छानालाई टिन वा ढुङ्गाले विस्थापित गर्ने वा आरसिसि गर्ने प्रचलन बढी छ। आय आर्जको वृद्धिसँगै यस गाउँपालिकामा पनि आ.सी.सी. पिलर घर बन्ने क्रम पनि बढेको छ।

# परिच्छेद ३ गाउँपालिकाको राजश्व सम्भाव्यता

## ३.१ राजश्व सम्बन्धि संवैधानिक र कानुनी व्यवस्था

### ३.१.१ संवैधानिक व्यवस्था

स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था नेपालको संविधानको अनुसूची ८ मा रहेको २२ वटा एकल अधिकारमध्ये राजश्व संकलनको अधिकार पनि एक हो । विद्यमान कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा तलका खण्डमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरुलाई राजश्व सुधार कार्ययोजनाले संबोधन गर्ने विश्वास लिइएको छ । संविधानले राजश्व अधिकार अन्तर्गत तीन तहका सरकारलाई देहाय बमोजिमका अधिकार प्रदान गरेको छ ।

**तालिका ४ तीन तहको राजश्व अधिकार**

| संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | साझा अधिकार |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मू.अ.कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवाशुल्क दस्तुर<br>• दण्ड जरिवाना | • घरजग्गा रजिष्ट्रशन शुल्क<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• सवारी साधन कर<br>• पर्यटन शुल्क<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• मनोरञ्जन कर<br>• सवारी साधन कर<br>• घर जग्गा बहाल कर<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• घर जग्गा रजिष्ट्रेशन दस्तुर<br>• प्राकृतिक स्रोतको आय<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सेवा शुल्क<br>• दस्तुर<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>• पर्यटन शुल्क |

***स्रोतः नेपालको संविधान***

### ३.१.२ कानुनी व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ देखी ६३ सम्म स्थानीय सरकारको वित्तिय व्यवस्थाका विषयमा उल्लोख गरिएको छ । सो अनुसार स्थानीय तहलाई सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर मालपोत, दण्डजरिवाना, मनोरञ्जन करलाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको छ ।

संविधानको अनुसूची ९ मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क लगाउने अधिकार तीनै तहको साझा अधिकारको रुपमा राखिएको छ । त्यसैगरी, अनुसूची ६ मा

घरजग्गा रजिष्टेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना प्रदेश सरकारको अधिकारक्षेत्रको रुपमा राखेको छ । साथै अनुसूची ५ ले संघीय सरकारलाई भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर तथा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैरकरहरु लगाउने अधिकार दिइएकोछ । कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था समेत संविधानमा गरिएकोछ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यता अनुरुप अनुसूची ६ र ८ मा दोहोरो पर्न गएका घरजग्गा रजिष्टेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई आपसमा बाँडफाँड गर्ने व्यवस्था मिलाएको छ ।

बिद्यमान व्यवस्था अनुसार घरजग्गा रजिष्टेशन शुल्क प्रदेश कानून बमोजिम हाललाई नेपाल सरकारले तोकेको निकाय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँड गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई ६० प्रतिशत रकम प्रदेश सरकारले र ४० प्रतिशत स्थानीय तहले पाउने गरी बाँडफाँड गर्ने, मनोरञ्जन कर प्रदेश कानून बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेश सरकारले पाउने गरी बाँडफाँड गर्ने र विज्ञापन कर स्थानीय कानून बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत रकम आफुले राखी ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्ने हुन्छ ।

साथै, सोही ऐनले मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्क वापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यवस्था गरेको छ भने पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँड गर्नुपर्ने व्यवस्था गरेको छ ।

नेपालिको संविधान अन्तरगत तथा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने राजश्व अधिकार प्रदान गरेको छ ।

**तालिका ५ शिर्षकगत राजश्व अधिकार तथा दायरा**

| सि.नं | आय शिर्षक | आयको दायरा |
|---|---|---|
| | | **(क) गाउँपालिकाको एकल अधिकार अर्न्तगत:** |
| १. | **कर** | • सम्पत्ति कर, घर र सो ले चर्चेको लेन्ट एरिया जग्गामा (आर्थिक विधयक २०७५ बाट संसोधित व्यवस्था) ।<br>• भूमि कर (मालपोत), सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधयक २०७५बाट संसोधित व्यवस्था) ।<br>• घर जग्गा बहाल कर ।<br>• व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।<br>• सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) । |

| | | |
|---|---|---|
| | | • जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत । |
| २. | **शुल्क** | • बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।<br>• पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । |
| ३. | **सेवा शुल्क** | • आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा ।<br>• आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ।<br>• अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।<br>• सिफारिस सम्बन्धी कुनै सेवा शुल्क । |
| ४. | **दस्तुर** | • दर्ता, अनुमति तथा नवीकरण दस्तुरः - एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग ।<br>• नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर) ।<br>• पंजिकरण व्यवस्थापन दस्तुर ।<br>• वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत ।<br>• जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर ।<br>• ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको निकासी शुल्क दस्तुर । |
| ५. | **विक्रि** | • वस्तु तथा सेवा विक्रि ।<br>• ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्रि) । |
| | **(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने :** | |
| | | • प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।<br>• खनिज पदार्थको उत्खनन रोयल्टी ।<br>• सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी ।<br>• पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी ।<br>• खानेपानी महसुल ।<br>• स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क । |

| | | |
|---|---|---|
| | | ● स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र बजार व्यवस्थापन । <br>● जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति । <br>● स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नविकरण । <br>● इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नविकरण । <br>● स्थानीय तहका पत्रपत्रिकाको दर्ता । |

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ ।

**(क) एकल कर प्रशासन सम्वन्धी व्यवस्था**

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ङ) (ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

**(ख) राजश्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने ।
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत - प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने । - प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने - आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने - प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त ।
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- समपूरक अनुदानः पूर्वाधार विकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लगतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट ।

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिव कार्यकालागि ऋण लिन सक्ने उपरोक्त व्यवस्थाहरुले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरुलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरु रहेका छन् ।
- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनुपर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्नेः कुटनीतिक नियोग, कुटनितिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विकृ नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकाको आनतरिक आयका मुख्य स्रोतहरुमा कर राजश्व तर्फ भूमि कर (मालपोत), सम्पत्ति कर, सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा), घर जग्गा बहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी र जिवजन्तु कर, विज्ञापन कर र मनोरञ्जन कर हुन भने अन्य गैरराजश्व कर तर्फ स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्रि, काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर विक्रि, वन पैदावर (सामुदायिक वनको) विक्रि नक्सापास दस्तुर, व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क, वहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, अस्पताल संचालन, फोहरमैला व्यवस्थापन शुल्क, खानेपानी, विजुली, धारा, मूल्यांकन सेवा शुल्क, घ. वर्गको निर्माण इजाजतपत्र,

स्थानीय स्तरका व्यापारिक फर्म आदिको दर्ता, नविकरण र ईजाजत प्रदान गर्ने जस्ता क्षेत्रहरु छन् । विगत वर्षहरुको राजश्व संकलनको दायरामा आएको स्रोतहरुबाट निम्न अनुसार राजश्व संकलन भएको छ ।

**तालिका ६ आन्तरिक स्रोतको अवस्था**

| बजेट शिर्षक | संघ तथा प्रदेशबाट प्रप्त हुँने अनुदान | यथार्थ (विगत तीन आ.व.को) | | | चालु आ.व.२०७९/८० को अनुमान रु |
|---|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | |
| **संघबाट प्राप्त हुँने तथा भएको** | | | | | |
| **अन्तरसरकारी अनुदान रु** | | ० | ० | ० | ० |
| १३३११ | समानिकरण अनुदान | | ७८७८९००० | ७९६११००० | ८६४०९००० |
| १३३१२ | शसर्त अनुदान | | १६४८२१६२० | १४४६४६००० | १३८७९०००० |
| १३३१४ | विषेश अनुदान | | ११०००००० | ९०००००० | ६०००००० |
| १३३१६ | समपुरक अनुदान | | १३६५२००० | १५०००००० | २२०००००० |
| १३४११ | अन्य अनुदान | | ० | ० | ० |
| **अन्तरसरकारी पूँजीगत अनुदान** | | | ० | ० | ० |
| १३३१३ | शसर्त पूँजीगत अनुदान | | ० | २२४००००० | २७७५०००० |
| १३३१५ | विशेष पूँजीगत अनुदान | | ० | ११६००००० | १६०००००० |
| **जम्मा संघ बाट प्राप्त रु** | | | **२६८२६२६२०** | **२८२२५७०००** | **२९६९४९०००** |
| १३३११ | समानिकरण अनुदान | | ५०८९००० | ३१८८००० | ४५०९००० |
| १३३१२ | शसर्त अनुदान चालु | | १४८५०००० | ८५४४००० | ८०००००० |
| १३३१४ | विषेश अनुदान चालु | | ४५००००० | ९०००००० | ६०००००० |
| १३३१६ | समपुरक अनुदान चालु | | ६३२९००० | १५०००००० | ० |
| १३३१७ | समपुरक अनुदान पुंजिगत | | ० | ० | १५०००००० |
| **जम्मा प्रदेश सरकार** | | | **३०७६८०००** | **३५७३२०००** | **३३५०९०००** |
| | **बाँडफँट भै प्राप्त हुँने राजश्व** | | | | |
| ११४५६ | प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर | | ० | ३९४०२१९ | ४८४८००० |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | ५९४३५६३१ | ५१८९१२२४ | ८८२२३००० |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | ० | १६८०५९६२ | ० |
| **जम्मा बाँडफँट भै प्राप्त हुँने राजश्व रु** | | | **५९४३५६३१** | **७२६३७४०५** | **९३०७१०००** |
| **आन्तरिक आय तर्फ** | | | | | |
| **राजश्वका शिर्षक** | **कर तथा गैर करका दायराहरु** | | | | |
| ११३१३ | एकिकृत सम्पत्ति कर | | ० | ० | ० |
| ११३१४ | भूमी कर (मालपोत) | | १४४६८०१.८१ | ८५६५२४.६१ | १०८०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११३२१ | घर बहाल कर | | १०३८२८ | ५८८९५ | ३००००० |
| १४२६५ | वन पैदावार ( सामुदायिक वन भित्रको वन पैदावार विक्रि) | | ० | 0 | 0 |
| ११४७९ | अन्य मनोरंजन कर | | ० | ० | 0 |
| ११६३२ | जडिबुटी, कवाडी तथा जीवजन्तु कर | | ० | ० | 0 |
| ११६११ | अन्य कर | | ० | ५६७३६.३३ | १००००० |
| | अन्य स्रोत बाट प्राप्त रोयल्टी | | ९१३४.८४ | ३८५४७.०६ | २०००० |
| १४२१३ | अन्य बिकि बाट प्राप्त (स्लेट) | | ० | ० | 0 |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | ० | ४८२९७० | ६०००० |
| | बहाल बिटौरी | 0 | ० | ० | ० |
| | 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत, दर्ता तथा नविकरण दस्तुर | 0 | ६०८०० | १०४८२५ | १७८५०० |
| १४२४२ | नक्सापास दस्तुर | | ० | 0 | ३०००० |
| १४२४३ | सिफारिश दस्तुर | | ६२६४६७ | ६९५७८१ | ३००००० |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | | २११०४० | २१७४०० | १५०००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | १२७०० | ७८७०० | ६०००० |
| १४२४९ | अन्य दस्तुर | | १८२२४१३ | २७९२२८२० | २५०००० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | ० | 0 | ० |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन तथा नविकरण  दस्तुर | | ३४००१७ | ४३८८१४ | ५४०००० |
| १४५२१ | सेवा शुल्क (फोहरमैला संकलन तथा सरसफाई, पार्किङ्ग शुल्क, समेत) | | ० | ० | 0 |
| ११४७२ | बिज्ञापन कर | | ० | ० | 0 |
| १४१९१ | पर्यटन शुल्क | 0 | ० | ० | 0 |
| | मूल्याँकन सेवा शुल्क | 0 | ० | ० | 0 |
| १४२२५ | न्यायिक दस्तुर | | १७५०५ | ३०० | ५००० |
| १४६११ | व्यवसाय कर | | १०१०४७ | ५१९०० | 0 |
| ११६३१ | कृषि तथा पशु व्यवसायमा लाग्ने कर | | 0 | ३११७६ | २०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४२६५ | अन्य क्षेत्रको आय | | 0 | ० | २०००० |
| **जम्मा आन्तरिक राजश्व शंकलन रु** | | | **४७५१७५३** | **३१०३५३८९** | **३११३५००** |
| **जम्मा आय रु** | | | **३६३२१८००४** | **४२१६६१७९५** | **४२६६४२५००** |

गाउँपालिकामा हालसम्म संभावना भएर पनि सामुदायिक वनको विक्रि, बहाल बिटौरी, जस्ता राजश्वका स्रोहरु अझै करको दायरामा आउँन सकेका छैनन् । त्यसैगरी, राजश्व वृद्धिका प्रचुर संभावना भएका क्षेत्र जस्तै सम्पत्ति कर, घर बहाल कर र व्यवसाय दर्ता तथा नविकरण जस्ता कार्यको को हकमा अझै पनि धेरै करदातालाई करको दायरामा ल्याउँन बाकी छ ।

## ३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

सुनछहरी गाउँपालिका राष्ट्रिय राजमार्गसँग नजोडिएतापनि पालिकाका भित्री बाटाहरुको सुधार भई जतातत यातायातको पहूँच सहज भएको पालिका हो । साथै, बजार र उत्पादनका हिसावले पनि सहज भएको स्थान हो । व्यापार व्यवसाय तथा उद्यम व्यवसायको प्रचूर संभावनासहितको गाउँपालिका भएको हुँदा संभावना भएर पनि राजश्वको दायरामा अझै आई नसकेका क्षेत्रहरुलाई दायरा विस्तार गरी आन्तरिक राजश्व बढाउँने संभावना प्रशस्तै छ ।

### ३.२.१ स्थानीय कर राजस्व

संविधान तथा कानुनले प्रदान गरेको यस गाउँपालिका राजश्वका स्रोतहरुमध्ये कर राजश्व तर्फ हाल परिचालन भैरहेको, संभावना रहेको स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधरका कार्यहरु यस प्रकार रहेका छन् :

### क. सम्पत्ति कर

स्थानीय सरकार संचालन ऐनको दफा ५५ मा स्थानीय तहहरुले संकलन गर्न पाउँने सम्पत्ति कर सम्बन्धि व्यवस्था छ । सो दफा अनुसार गाउँपालिकाले आफ्नो पालिका क्षेत्रमा निर्मित घर र घरहरुले चर्चेका जग्गा समेतको निर्माण संरचनाको पालिकाले तोकेका ह्रासकट्टी घटाएर एकिकृत सम्पत्ति कर लगाउँन सक्ने व्यवस्था गरेको छ ।

**वर्तमान अवस्था:** गाउँपालिकाको एकिकृत सम्पत्ति कर को विगत ३ आ.व.को विवरण हेर्दा आ.व. २०७६/२०७७ देखी हालसम्म यो क्षेत्रलाई करको दायरामा ल्याईएको छैन र चालु आ.व. २०७९/८०का लागि कुनै अनुमान नगरिएको अवस्था छ ।

**संभावना:** सुनछहरी गाउँपालिकामा रहेका कुल ३५८६ घरपरिवार रहेको अवस्था छ । सबैभन्दा धेरै १५५९ घरहरु ढुङ्गा वा स्लेटले छाएको छ भने दोस्रोमा १३१८ घरहरु टिनले छाउका छन । तेस्रोमा काठ तथा फल्याकले छाएका ३७२ घर तथा चौथोमा फुस तथा खरले छाएका २८५ घर छन सबै भन्दा कम २ घर टायलले छाएका र ४५ घर भने आरसिसि गरिएको छ ।

पालिकाको पाश्व चित्र अनुसार यहाँ माटोको जोडाइ भएको इँटा/ढुङ्गा प्रयोग भएका २९१३ घर, सिमेन्टको जोडाइ भएको इँटा/ढुङ्गा भएका ७ घर, काठ/फल्याक बाँसजन्य सामाग्री प्रयोग भएका ९६ घर छन् । तर हालसम्म कुनै पनि करदाताले सम्पत्ति कर नतिरेको अवस्था छ ।

**सुधार गर्नु पर्ने पक्षहरुः** घर र घरले चर्चेको जग्गा सहित मिलाई लिईने एकिकृत सम्पत्ति कर गाउँपालिकाको सबै भन्दा महत्वपूर्ण, भरपर्दो र दिनानुदिन बढ्दै जाने राजश्वको क्षेत्र हो । यसका लागि गाउँपालिकाले आफ्नो प्रशासनिक तथा नीतिगत क्षेत्रमा सुधार गरी घर जग्गा मूल्याँकन परिपाटी र घर धनीहरुलाई करको दायरामा ल्याउँने नीति बनाउँनु जरुरी छ ।

वार्षिक आर्थिक ऐनमा जनताको कर तिर्नसक्ने क्षमताका आधारमा करको दर निर्धारण गर्ने तथा जनताको घरदैलो सेवालाई तिव्रता दिई कर तिर्न जनतालाई उत्प्रेरित गर्ने कार्यहरु गर्नु जरुरी छ । चैत्र १६, २०७९ को राजश्व सुधार कार्ययोजना तयारी कार्यशालाले सम्पत्ति कर बारे तयार गरेको निम्न कार्य योजना अनुसार यो पालिकामा सम्पत्ति करको संभावना रहेको छ,

- सम्पत्ति कर लिँदा सम्पत्तिको मूल्याँकनका आधारमा लिने नीतिलाई कार्यपालिकाबाट अनुमोदन गर्ने ।
- पालिकाको नीति बारे करदाता प्रतिनिधिहरुसँग छलफल गरी सहमत हुने ।
- मूल्याँकन चित्त नबुझ्ने करदाताले उजुरी दिन पाउँने र त्यस्तो उजुरी उपाध्यक्ष्यको संयोजकत्वमा गठित समितिबाट सुनुवाई हुने ।
- सम्पत्ति कर नबुझाउँने परिवारलाई विकास साझेदारीमा नसमेट्ने नीति अवलम्बन गर्ने ।

### ख. भूमिकर (मालपोत)

मालपोत पनि गाउँपालिकाको अर्को महत्वपूर्ण र दिगो आय स्रोत हो । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ ले स्थानीय सरकारलाई खेति योग्य जमिनको मालपोत संकलन गर्ने अधिकार प्रदान गरेको छ ।

**वर्तमान अवस्थाः** सुनछहरी गाउँपालिकामा आ.व. २०७६/२०७७ को संकलनको तथ्याक प्राप्त नभएको, आ.व. २०७७/२०७८ मा रु. १४४६८०२ तथा आ.व. २०७८/२०७९ मा रु. ८५६५२५ संकलन भै आ.व. २०७९/२०८० का लागि रु. १०,८०००० अनुमान गरिएको अवस्था छ ।

**संभावनाः** सुनछहरी गाउँपालिकाले २७७.६२ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ र कृषि क्षेत्र ८१.६२ वर्ग किलोमिटर उपयोग भएको अवस्था छ । पालिकाले घर जग्गाले चर्चेको जमिन एकिन गरी सम्पत्ति करलाई छुट्याएर बाँकीबाट भूमि कर (मालपोत) लिनुपर्ने हुन्छ । आ.व. २०७७/२०७८ मा रु.१४४६८०२ मालपोत उठेको भए पनि पछिल्लो वर्ष घटेको अवस्था छ । सामान्यतया जग्गा धनीहरु नियमित रुपमा मालपात नतिर्ने हुँदा यस्तो अवस्था आएको हुनसक्छ । तर पनि विलम्ब शुल्क लिने व्यवस्था गरेमा मालपोतबाट उठ्ने राजश्व पनि बढ्ने संभावना रहन्छ ।

**सुधार गर्नु पर्ने कुराहरुः** जग्गाको गुणस्तर र मूल्याङ्कनको आधारमा न्यूनतम दर निर्धारण गर्नुपर्ने अवस्था छ । पालिकाले वडा कार्यालयबाट मालपोत संकलन गरिआएको र संकलित मालपोत रकम वडा सचिवहरुले

गाउँपालिकाको राजश्व शाखामा हरेक महिनामा दाखिला गर्ने गरेका छन् । उपरोक्त विवरणलाई राजश्व शाखाले सफ्टवेयरमा अद्यावधिक गर्न थालेको छ ।

गाउँपालिकाले भू-उपयोग नीति तयार गरी सोअनुसारबाटो तथा बजारको सुविधाका आधारमा जग्गाको वर्गिकरण गरी सम्पत्ति कर लगाउँन छुट्याएको जमिन बाहेक खेतीयोग्य जमिनलाई सिंचाई सुविधा,बाटोको सुविधा, उत्पादन र उत्पादकत्वका आधारमा प्रगतिशिल मालपोत दार निर्धारण गरी गाउँ सभाबाट स्वीकृत गराई कार्यान्वयन गर्ने र विलम्ब शुल्क लिने गरेमा वर्तमानको राजश्व बढाउँन सकिने संभावना छ ।

**ग. घर बहाल कर:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ अनुसार गाउँपालिका क्षेत्रमा जोसुकैले पनि बनाएका भवन, पसल, गोदाम, ग्यारेज, टहरा, कारखाना, खाली जमिन, पोखरी जस्ता संरचनाहरु बाहालमा दिएको अवस्थामा गाउँपालिकाले त्यस्तो बाहालमा कर लगाउँन पाउँने प्रावधान छ ।

**वर्तमान अवस्था:** घर जग्गा बहाल कर गाउँपालिकाको वृद्धि हुँदै जाने अर्को महत्वपूर्ण स्रोत हो । यस सुनछहरी गाउँपालिकामा घर बहाल करबाट आ.व. २०७६/२०७७ मा राजश्व संकलन भएको रेकर्ड नरहेको, आ.व. २०७७/२०७८ मा रु. १०३,८२८ तथा आ.व.२०७८/२०७९ मा रु.५८८९५ संकलन भै आ.व. २०७८/२०७९ का लागि रु. ३,००००० अनुमान गरिएको अवस्था छ । तर गाउँपालिकासँग घरजग्गा बहालमा लगाउँनेको तथ्यांक नभएको र बहाल कर अशुली उत्साहजनक भएको पाईदैन् ।

**संभावना:** गाउँपालिकाको पार्श्वचित्र अनुसार १४१ वटा विभिन्न उद्योग व्यवसाय तथा १४ वटा सहकारीहरु छन् भने बजारको परिदृश्य अनुसार दर्ता नभै प्रशस्त व्यवसायहरु संचालनमा छन् । यस्ता उद्योग तथा व्यवसायमध्ये कति भाडामा छन भन्ने तथ्यांक गाउँपालिकासँग छैन् । त्यसैगरी, सरकारी तथा अर्ध-सरकारी कार्यालयहरु, बैंक वित्तिय संस्थाहरु, शिक्षण संस्थाहरु पनि प्रशस्तै छन् ।

**सुधार गर्नु पर्ने पक्ष:** सानातिना बजारका धेरै घरधनीहरुले घर बहाल दिने गरेका तर व्यवसाय गर्ने र कार्यालयहरु बाहेक अन्य अनौपचारिक क्षेत्रकाले बहाल लिएको घरको कर नतिरेको अवस्था भएको हुँदा निम्न सुधारका कार्य गर्न जरुरी छ ।

- बहालवाला घरहरको विवरण संकलन गर्ने तर लगत संकलन गर्नु पूर्व सूचना सम्प्रेषण गर्ने ।
- कर दातालाई स्व-घोषण गर्ने अवसर दिने ।
- घर बहालको प्रचलित दर कायम गर्ने
- करको दायरामा नआएका २०० भन्दा बढि घर धनीहरुलाई करको दायरामा आउँन सूचना गर्ने ।

### घ. व्यवसाय कर

स्थानीय सरकार संचालन ऐनको दफा ५८ ले गाउँपालिकालाई पालिका क्षेत्रमा व्यापार व्यवसाय वा सेवा तथा कारोवार गरेर बस्नेलाई पूँजी र कारोवारका आधारमा व्यवसाय कर लगाउँने व्यवस्था छ।

**वर्तमान अवस्थाः** सुनछहरी गाउँपालिकामा व्यवसाय करबाट आ.व. २०७६/२०७७ मा के कति संकलन भयो सोको रेकर्ड उपलब्ध हुन सकेन, आ.व. २०७७/२०७८ मा रु. १०१०४७ तथा आ.व. २०७७/२०७८ मा रु. ५१९०० संकलन भएको तर आ.व. २०७८/२०७९ का लागि कुनै अनुमान नगरिएको अवस्था छ । तर गाउँपालिकासँग उद्यम व्यवसायको एकिन तथ्यांक नभएको र बिना दर्ता तथा बिना ईजाजत थुप्रै व्यवसाय पालिकामा संचालनमा रहेको अनुमान छ।

**करको संभावनाः** गाउँपालिकाको पार्श्वचित्र अनुसार यस गाउँपालिकामा विभिन्न स्तरका १४१ वटा उद्यम व्यवसायहरु संचालनमा रहेका तथ्यांक छ भने साना तिना बजार क्षेत्रमा थप्रै व्यवसायहरु दर्ता पनि नगरी कारेवारमा संलग्न रहेको अवस्थामा छन् । तसर्थ, दर्ता अभियान संचालन गरी वा दर्ता नभएकाको लगत संकलन गरी दर्ता तथा नविकरणलाई तिव्रता दिँदा यस क्षेत्रको राजश्व उल्लेख्य रुपमा वृद्धि हुने देखिन्छ।

**सुधार गर्नु पर्ने पक्षः** कानुनतः कुनै पनि व्यवसाय दर्ता तथा दर्ता भएकाले सालाना नविकरण गर्नु पर्ने कानुनि दायित्व भित्र पर्दछ । तसर्थ यस गाउँपालिकाले व्यवसाय र करको दायरामा नआएकालाई दायरामा ल्याई व्यवसाय दर्तालाई अभिप्रेरित गर्ने, व्यवसाय नविकरणलाई ताकेता गर्ने, रेडियोमा सूचना दिने र पत्रपत्रिकामा नाम दिने जस्ता कार्यहरु गरी यो क्षेत्रको व्यापक सुधार गर्नुपर्ने अवस्था छ। राजश्व सुधार कार्ययोजना तयारी कार्यशाला २०७९ चैत्र १६ ले राजश्व सुधारका लागि निम्न सुधार गर्ने योजना बनाएको अवस्था छ,

- व्यवसाय दर्तालाई अनिवार्य गरी व्यवसायीहरुलाई दर्ता तथा नविकरण प्रकृयामा आउँन सूचना जारी गर्ने
- व्यवसाय नविकरणलाई ताकेता गर्ने
- व्यवसायहरुको नियमित अनुगमन गरी दर्ता भै नविकरकण नगरेका तथा दर्तानै नभएकाको लगत संकलन गर्ने
- संकलित लगतलाई अभिलेखिकरण गर्ने

### ङ. जडिबुटी, कवाडी र जीवजन्तु करः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ अनुसार गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, कानुनले निषेध गरेका बाहेक अन्य जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरेमा गाउँपालिकाले जडिबुटी, कवाडी र जीवजन्तु कर लगाउँन पाईने व्यवस्था छ।

**वर्तमान अवस्थाः** यस गाउँपालिकामा हाल जडिबुटी, कवाडी र जीवजन्तु कर नलगाईएको
**करको संभावनाः** यस गाउँपालिका क्षेत्रमा खासै जडिबुटी उत्पादन तथा व्यवसायिकरणको संभावना नरहेको अवस्था छ।

**सुधार गर्नु पर्ने विषयः** राजश्व सुधार कार्ययोजनाले संकेत गरे पनि जडिबुटी खेती प्रवर्द्धन गर्ने र जडिबुटीको करको दर निर्धारण पछि ठेक्का बन्दोबस्त गरी राजश्व संकलन गर्ने भविष्यका कार्यबाट यो योजना अवधिमा करको संभावना न्युन छ ।

### च. साना सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)

साना सवारी साधनको संचालन अनुमतीको अधिकार गाउँपालिकमा निहित छ । तर, यस पालिकामा यस प्रकारका सवारी साधन उपलब्ध छैनन् ।

**वर्तमानको अवस्थाः** यो क्षेत्र हाल सम्म करको दायरामा आउँन सकेको छैन् ।

**कर संभावनाः** साना सवारी साधन यस क्षेत्रमा नचल्ने हुँदा यो योजना अवधिमा यो क्षेत्रबाट राजश्व संकलनको संभावना छैन ।

### छ. विज्ञापन करः

विज्ञापन (नियमा गर्ने) ऐन २०७६ को दफा ४ अनुसनर सार्वजनिक स्थानमा देखिने गरी हार्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय सरकारसँग स्वीकृति लिनु पर्ने प्रावधान छ । त्यसैगरी, सेहि ऐनका दफा ६ ले विज्ञापन सम्बन्धी निवेदन, दस्तुर र अवधिबारे स्थानीय तहको कानुन अनुसार हुने भनि व्यवस्था गरेको छ ।

**वर्तमान अवस्थाः** पालिका भित्रका सानातिना बजारहरमा केही मात्रामा होर्डिङ्गबोर्ड राखेर विज्ञापन भएको अवस्था भएतापनि विगत २ आर्थिक वर्षमा विज्ञापन बापत यस गाउँपालिकामा कुनै आय भएको छैन र चालु आ.व. का लागि पनि कुनै अनुमान गरिएको छैन् ।

**कर संभावनाः** यस गाउँपालिकाका सानातिना बजार क्षेत्र रहेको र भैरहेका विज्ञापनहरलाई नियमन मात्र गर्दा पनि केहि मात्रामा राजश्व उठ्ने संभावना छ ।

**सुधार गर्नु पर्ने पक्षः** गाउँपालिका क्षेत्र भरी रहेका विज्ञापनहरुलाई करको दायरामा ल्याउँन राजश्व सधार कार्ययोजना तयारी कार्यशाला चैत्र १६, २०७९ ले तयार गरेको निम्न सुधारका कार्यहरुबाट यो क्षेत्रलाई राजश्वको दायरामा ल्याउँन सकिने छ,

- बजारका विज्ञापनको अनुगमन गरी विज्ञापन दाताहरुसँग अनतरकृया गर्ने
- भैरहेका विज्ञापनदाताहरुलाई करको दायरामा ल्याउँने
- आईन्दा पूर्व स्वीकृति विना विज्ञापन बोर्डहरु राख्न नपाउँने कानूनी व्यवस्था गर्ने

### ज. मनोरञ्जन कर

स्थानीय सरकारलाई आफ्नो क्षेत्र भित्र संचालन हुने विभिन्न मनोरञ्जन बापत कर दिन पाउँने कानुनी अधिकार छ ।

**वर्तमान अवस्थाः** हाल यो क्षेत्र पनि करको दायरामा पर्न सकेको छैन् ।

**करको संभावनाः** कार्ययोजना तयारी क्रममा निम्न कार्य गरी मनोरंजनलाई राजश्वको दायरामा ल्याउँने भनिए पनि यो योजना अवधिमा राजश्वको संभावना न्युन छ ।

- क्लाईनिङ्ग र क्यानोलिनको विकास गर्ने
- गाम, सेरक्याङ्ग र मुन्धारामा बन्जिको विकास गर्ने
- जलजला, केठिभिर, तिलाचन, बिबाङ्ग दह र बजुधारीमा पर्यटन प्रवर्द्धन

## ३.२.२ गैर कर राजश्व

### क. अन्य कर तथा विक्रिः

प्राकृतिक स्रोतजन्य वस्तु विक्रि बापत आउँने करलाई गाउँपालिकाले अन्य कर अन्तरगत कर लिन पाउँने व्यवस्था स्थानीय सरकार संचालन ऐनको दफा ६२ (क) मा व्यवस्था छ । यसमा वन ऐन, २०७६ र नेपाल सरकारले जारी गरेको ढुङ्गा, गिट्टी र वालुवा उत्खनन्, व्यवस्थापन र विक्रि सम्बन्धि मापदण्ड, २०७७ आकर्षित हुन्छ । यस कर अन्तरगत स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्रि, काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर विक्रि, वन पैदावर (सामुदायिक वनको) विक्रिबाट प्राप्त आय, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क पर्दछन ।

**वर्तमान अवस्थाः** गाउँपालिकाको आर्थिक ऐन, २०७९ ले अन्य कर तथा विक्रिका सन्दर्भमा गाउँपालिकाभित्र उत्पादन भै बाहिर निकासी हुने जडिबुटीको हकमा करको दररेट निर्धारण गरेको अवस्था छ । तर, कुनैपनि आ.व.मा राजश्व संकलन भएको छैन् र चालु आ.व. २०७९/२०८० का लागि कत्ति पनि अनुमान नगरेको अवस्था छ ।

**अन्य विक्रिको संभावनाः** यस पालिकामा स्लेटको मात्र संभावना रहेको अवस्था छ तरपनि हालसम्म दायरामा ल्याईनसकेको अवस्था छ । राजश्व सुधार कार्ययोजना तयारी कार्यशाला २०७९ चैत्र १६ अनुसार तयार भएको निम्न अनुसारको योजना कार्यान्वयन गरेमा केही सिमित राजस्व उठ्ने संभावना छ ।

- स्लेट उत्खनन्लाई व्यवस्थित गरी खानी क्षेत्रको नियमित प्रारम्भिक वातावरण अध्ययन गर्ने र उत्पादकहरुसँग बार्ता गरेर करको दायरामा ल्याउँने
- दररेट समयानुकुल गर्ने
- समयमै ठेक्का पट्टाको संझौता गर्ने
- उत्खनन् क्षेत्र र निकाशी क्षेत्रको अनुगमन बढाउँने ।

### ख. बहाल बिटौरी शुल्कः

स्थानीय सरकार संचालन ऐनको दफा ५९ अनुसार स्थानीय तहले आफुले निर्माण र संचालन र रेखदेख गरेका हाट, बजार, पसल वा सरकारी जग्गामा निर्मित संरचनाको उपयोग गरेवापत बहाल बिटौरी लिन पाउँने प्रावधान छ भने सेहि ऐनको दफा ९७ मा स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका सरकारी, सामुदायिक वा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत संभार तथा संरक्षण गर्नु पर्ने जिम्मेवारी पनि उल्लेख छ ।

**वर्तमान अवस्थाः** हाल सुनछहरी पालिकाबाट यस प्रकारका संरचना नभएको भनि करको दर पनि निर्धारण नगरेको र कर संकलन पनि नभएको तथा चालु आ.व. मा अनुमान पनि नगरिएको जानकारी दिएको छ ।

**बहाल बिटौरीको संभावनाः** यस गाउँपालिका क्षेत्र भित्र सार्वजनिक जग्गामा अव्यवस्थित रुपमा बसोबास गर्ने केहि परिवार भएका हुँदा स्थानीय सरकार संचालन ऐनको दफा ५९ अनुसार सरकारी जग्गामा संरचना निर्माण गरी बसोवास गर्ने ती परिवारलाई पालिकाबाट विद्यालय, खानेपानी,बाटो घाटोका सुविधा दिनुपर्ने तर सरकारलाई कत्ति पनि कर तिर्नु नपर्ने अवस्था हटाउँन गाउँपालिकाले करको दायरामा ल्याएर त्यस्ता बसोवास गर्नेसँग बहाल बिटौरी अशुली गर्न करको दर र दायरा वृद्धि गरी कर अशुल्न सक्ने संभावना छ ।

**सुधार गर्नु पर्ने पक्षः** गाउँपालिकाले सरकारी तथा सार्वजनिक जग्गामा अव्यवस्थित बरोबास गर्नेको लगत संकलन गरी त्यसरी बसोबास गर्नेहरुलाई करदाता शिक्षा प्रदान गरी करको दर निर्धारण गरी करको दायरामा ल्याउँनु पर्ने । राजश्व सुधार कार्य योजना तयारी कार्यशाला २०७९ चैत्र १६मा यो क्षेत्रलाई राजश्वको दायरामा ल्याउँन निम्न कार्यहरु सिफारिस गरेको छ,

- ऐलानी, सार्वजनिक र वन क्षेत्रका जग्गा उपभोगको लगत संकलन गर्ने
- आर्थिक ऐनमा क्षेत्रपलका आधारमा दर रेट निर्धारण गर्ने
- करको दायरामा नआउँनेका संरचना हटाउँन ।

### ग. नक्सा पास दस्तुर

स्थानीय सरकार संचालन ऐनको दफा २७ ले नगर तथा गा.पा. क्षेत्रमा भवन तथा कुनै पनि संरचना बनाउँदा नक्सापास नगाराई निर्माण गर्न नहुने कुरा उल्लेख छ भने सोहि ऐन को दफा ३३(४) मा भवन निर्माण गर्दा लाग्ने दस्तुर गाउँ कार्यपालिकाले तोके बमोजिम हुने व्यहोरा उल्लेख छ ।

**वर्तमान अवस्थाः** सुनछहरी गाउँपालिकाको आर्थिक ऐन, २०७९ ले विभिन्नबाटोका प्रकार र घरको प्रकार अनुसार घरको नक्सापास दस्तुर निर्धारण गरेको छ । गाउँपालिकाले विगत आ.व.हरुमा नक्सापास दस्तुर वापत कुनै राजश्व पाएको छैन र चालु आ.व. २०७९/८० का लागि  रु. ३०,००० अनुमान गरेको अवस्था छ ।

**दस्तुरको संभावनाः** यस गाउँपालिका क्षेत्रमा शहरिकरण बढ्दै गएको, पक्कि घरहरु निर्माणको गति बढ्दै गएको अवस्था छ । तर अझै पनि स्थानीयमा घरको नक्सापास गराउनुपर्ने भन्ने चेतना आई नसकेको अवस्था छ । तर जोखिम तथा विपद् व्यवस्थापन र नागरिकको सुरक्षाको कोणबाट भवन निर्माण संहिता तथा मापदण्ड तयार गरी त्यसलाई कार्यान्वियन गर्दै पहिलेनै निर्माण भैसकेकालाई पनि एक पटकका लागि लगतमा दर्ता गराउँन न्युनतम दररेट निर्धाण गरी गाउँपालिकाबाट एउटा नीति तयार गरी कार्यान्वयन गर्दा शुल्कको संभावना बढिनै देखिन्छ ।

**सुधार गर्नुपर्ने क्षेत्रः** भवन निर्माण मापदण्ड अनुसार अनिवार्य नक्सापास गराउँनुपर्ने व्यवस्था कडाईका साथ पालना गराउँने र सो अनुसार भए नभएको अनुगमन गर्ने, पहिलेनै निर्माण भएकालाई न्युनतम शुल्कमा अभिलेखिकरण गराउँन पाउँने नीति बनाई कार्यान्वयन गर्ने व्यवस्था लागु गर्नुपर्ने । राजश्व सुधार कार्य योजना तयारी कार्यशाला २०७९ चैत्र १६ मा तयार भएको सुधारका निम्न क्षेत्र कार्यान्वयन गर्नु जरुरी छ,

- पुराना घरहरुको अभिलेखिकरणको दर निर्धारण गर्ने
- अभिलेखिकरण गर्ने
- घर बनाउँदा नक्सा पास अनिवार्य गर्ने
- नक्सा पास नगरेका घरहरुको अन्य सेवामा प्राथमिकता नदिने

### घ. व्यवसाय दर्ता तथा नविकरण शुल्कः

स्थानीय सरकार संचालन ऐनको दफा ११(२) ञ(६) ले स्थानीय तहलाई उद्यम, तथा व्यवसायिक फर्म दर्ता, अनुमति तथा नविकरणको अधिकार प्रदान गरेको छ। त्यसैगरी, सहकारी ऐन, २०७४ अनुसार सहकारीहरुको दर्ता तथा नविकरणको अधिार पनि स्थानीय तहलाई दिएको छ। यी कार्यका लागि स्थानीय तहलाई शुल्क तोक्न र लिन पाउँने अधिकार छ।

**वर्तमान अवस्थाः** गाउँपालिकाले आर्थिक ऐन, २०७९ मा उद्योग/व्यवसाय दर्ता तथा नविकरणका लागि पूँजिका आधारमा न्युनतम र अधिकतम शुल्क निर्धारण गरेको छ। गाउँपालिकाले आ.व. २०७७/२०७८ मा रु. ३४००१७ तथा आ.व. २०७८/२०७९ मा रु. ४३८८१४ राजश्व संकलन गरेको अवस्था छ भने चालु आ.व. २०७९/२०८० का लागि रु. ५४०००० अनुमान गरेको अवस्था छ। हाल अझै केहि उद्यम व्यवसाय प्रकृयामा आउँन बाँकी रहेको अनुमान छ।

**शुल्कको संभावनाः** दर्ता तथा नविकरण्को दायरामा नआएका के-कति व्यवसायी छन सोको लगत छैन् तरपनि अझै दर्ता प्रकृयामा नआएको प्रसस्तै व्यवसायी भएको अनुमान छ। बाँकी व्यवसायीलाई दर्ता प्रकृयामा ल्याई वार्षिक नविकरणलाई अनिवार्य गरी अनुगमनलाई तिव्रता दिदा अनुमान भन्दा बढि राजश्व संकलन हुने संभावना छ।

**सुधारको क्षेत्रः** पूर्व सूचना सहितको अनुगमनमा तिव्रता ल्याई हालसम्म दर्ता नगरी व्यवसाय गर्नेहरुलाई दर्ता अभियाननै संचालन गरी दर्ता गराउँने र दर्तापछि नविकरण नगर्नेहरुलाई पनि अनुगमन गरी नविकरण अनिवार्य गर्न लगाउनु पर्ने। त्यसका लागि सर्वप्रथम संचालित व्यवसायहरुको लगत संकलन गर्ने, दर्ता तथा नविकरण नभएका सबैलाई दर्ता तथा नविकरणमा आउँन सूचना जारी गर्ने र व्यवसायहरुको अनुगमन गर्ने कार्य गर्नुपर्ने राजश्व सुधार कार्ययोजना तयारी कार्यशालाको सुझाव छ।

### ङ. घरजग्गा रजिष्ट्रेशन दस्तुरः

गाउँपालिका क्षेत्र भित्रका घर जग्गाको स्वामित्व हस्तान्तरण गर्दाको रजिष्ट्रेशन दस्तुर उठाउँने अधिकार हालसम्म स्थानीय सरकारलाई दिईएको छैन् र मालपोत कार्यालयबाट उठेको रकमको ६० प्रतिशत गाउँपालिकालाई मासिक रुपमा प्राप्त हुने गरेको छ। यस्तो दस्तुर यस गाउँपालिकाको रेकर्ड अनुसार आज सम्म प्राप्त नभएको र चालु आ.व.मा अनुमान पनि नभएको अवस्था छ।

**च. सिफारिस तथा प्रमाणिकरण दस्तुर**

स्थानीय सरकार संचालन ऐनको दफा ११(२) घ(७) ले गाउँपालिकालाई कानुन बमोजिम गर्ने सिफारिस र दफा १२ (ङ) ले वडाहरुलाई विभिन्न ३६ प्रकारका सिफारिसको अधिकार प्रदान गरेको छ र यस्तो सिफारिस गरे वापत गाउँपालिकाले तोकोको दररेट अनुसार सिफारिस दस्तुर लिन पाउँने प्रावधान छ ।

**वर्तमान अवस्थाः** गाउँपालिकाले सबै प्रकारका सिफारिस तथा प्रमाणिकरको लागि आर्थिक ऐन, २०७९ अनुसार सिफारिस तथा प्रमाणिकरणका लागि दस्तुरको दर तोकोको अवस्था छ । गाउँपालिकाले आ.व. २०७७/२०७८ रु. ६२६४६७ र आ.व. २०७८/२०७९ मा रु. ६९५७८१ राजश्व संकलन गरेको छ भने चालु आ.व. २०७९/२०८० का लागि रु. ३००००० मात्र अनुमान गरेको अवस्था छ ।

**दस्तुर संभावनाः** सिफारिस तथा प्रमाणिकरण पालिका तथा वडाहरुको नियमित कार्य भएका हुँदा यस्तो राजश्व नियमित संकलन हुनसक्ने देखिन्छ र चालु आ.व.मा साविककोमा पनि घटाएर अनुमान गर्नुको औचित्य देखिदैन ।

**छ. व्यक्तिगत घटना दर्ता (बिलम्ब सहित) शुल्कः**

स्थानीय सरकार संचालन ऐनको दफा ११(२) च(३) अनुसार स्थानीय तहले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईसराई जस्ता घटनाको दर्ता तथा स्थानीय घर परिवारको लगत तथा पंजिकरण गर्ने कार्य गर्नु पर्ने हुन्छ । साथै, राष्ट्रिय परिचयपत्र तथा पंजिकरण ऐन २०७६को दफा १७(२) अनुसार पंजिकरणका लागि वडा कार्यलयले प्रमुखको रुपमा कार्य गर्नु पर्ने र घटनाको ३५ पछि दर्ता गर्न आउँनेलाई बिलम्ब शुल्क लाग्ने व्यवस्था गरेको छ ।

**वर्तमान अवस्थाः** यस गाउँपालिकाले व्यक्तिगत घटना दर्ता वापत आ.व. २०७७/२०७८ मा रु. २११०४० र आ.व. २०७८/२०७९ मा रु. २१७४०० राजश्व संकलन गरेको छ भने चालु आ.व. २०७९/२०८० का लागि रु. १५०००० मात्र अनुमान गरेको अवस्था छ ।

**शुल्कको संभावनाः** यो गाउँपालिकाको नियमित आयको स्रोत हो । तर, गतः आ.व.को भन्दा चालु आ.व.को अनुमान कम हुनुपर्ने कुनै औचित्य नरहेको अवस्था छ ।

**सुधार गर्नु पर्ने क्षेत्रः** गरीब तथा बिपन्न र सीमान्तकृत वर्गलाई बिलम्ब शुल्कमा विशेष व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।

**ज. 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत, दर्ता तथा नविकरण दस्तुर**

स्थानीय सरकार संचालन ऐनले स्थानीय सरकारलाई 'घ' वर्गको निर्माण ईजाजत पत्र दिने तथा दर्ता र नविकरण गर्ने अधिकार प्रदान गरेको छ । सुनछहरी गाउँपालिकाबाट करदाताको संख्या अलग नराखेको अवस्थामा के कति करदाता छन भन्ने एकिन गर्न नसकिए तापनि आ.ब. २०७७/७८ मा रु ६०,८००, आ.ब. २०७८/७९ मा रु १०४,८२५ शंकलन भएको तथा आ.ब. २०७९/८० मा रु १७८,५०० राजश्व अनुमान गरेको र बढ्दो निर्माण कार्यको विश्लेषण गर्दा यो स्रोतबाट पनि पालिकाको राजश्व संकलन बृद्धि हुनसक्ने देखिन्छ ।

**झ. सेवा शुल्क (फोहरमैला संकलन तथा सरसफाई, पार्किङ्ग शुल्क, समेत)**

स्थानीय सरकार संचालन ऐनले स्थानीय तहलाई फोहमैला संकलन, पार्किङ्ग स्थलको व्यवस्था एम्बुलेन्स सेवा, आदिको व्यवस्था गरी से सोवा वापत शुल्क लिन पाउँने व्यवस्था गरेको छ ।

**वर्तमान अवस्था:** गाउँपालिकाको आर्थिक ऐन, २०७९ मा पार्किङ्ग शुल्क, फोहरमैला संकलन तथा सरसफाई शुल्क र विविध सेवा शुल्कहरुको दररेट कायम गर्न बाँकी र हालसम्म पार्किङ्ग शुल्क तथा फोहमैला संकलन शुल्क संकलन भएको तथ्यांक पाईएन ।

**शुल्कको संभावना:** गाउँपालिकाले फोहरमैला संकलन गरी व्यवस्थापन गर्ने, सडक तथा बजार सरसफाई गर्ने सेवा संचालन गर्ने कार्यलाई तिव्रता दिएर सेवाग्राहीसँग संवाद गरी शुल्कको दायरामा ल्याउन सके यो क्षेत्र पनि राजश्व संकलनको एक क्षेत्र बन्न सक्ने देखिन्छ । राजश्व सुधार कार्ययोजनाले निम्न सुझाव दिएको छ

- फोहर व्यवस्थापन शुल्क निर्धारण गर्ने
- घर तथा पसल धनीहरुलाई फोहमैलाको कर लाग्ने बारे जानकारी दिने
- करको दायरामा आउँन संवाद गर्ने
- गाउँपालिकाले तोकेको शुल्क तिरी फोहर व्यवस्थापन गर्ने

**ञ. न्यायिक दण्ड जरिवाना**

संविधान तथा प्रचलित नियम कानुनको कार्यान्वयन, नियमन गर्ने कुरा स्थानीय सरकार संचालन ऐनको परिच्छेद ८ अनुसार न्यायिक कार्य सम्बन्धि व्यवस्था कार्यान्वयन र अन्य खरिद जस्ता कार्यमा गाउँपालिकाले दण्ड, जरिवाना तगा जफत जस्ता कार्यहरु गर्नुपर्ने अवस्था आउँन सक्छ ।

**वर्तमान अवस्था:** यस गाउँपालिकामा आर्थिक ऐन, २०७९बाट प्रशासनिक दण्ड, जरिवाना र जफतको लागि कुनै दररेट निर्धारण तथा अशुली कार्य नभएको अवस्था छ । तर न्यायिक दस्तुरको दर निर्धारण भै आ.व. २०७७/७८ मा १७५०५, आ.व. २०७८/७९ मा केवल रु ३०० र चालु आ.व.का लागि रु ५००० अनुमान गरेको अवस्था छ ।

**आयको संभावना:** यो पनि गाउँपालिकाको नियमित स्रोत हो तर यसमा आयको अनुमान गर्न कठिन हुन्छ ।

**ट. वन पैदावारको विक्रि (सामुदायिक वन) बाट प्राप्त रकम:**

स्थानीय सरकार संचाल ऐनको दफा ६२ (ख) मा व्यवस्था भए अनुसार सामुदायिक वनका उपभोक्ताले आफ्नो वार्षिक कार्ययोजना स्थानीय तहबाट स्वीकृत गराउँनुपर्ने र त्यसबाट भएको आम्दानीको १० प्रतिशत स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

**वर्तमान अवस्था:** हालसम्म यस पालिकामा यो शिर्षकबाट कुनैपनि आय भएको छैन् र सामुदायिक वन उपभोक्ता समूह हालसम्म गाउँपालिकाको करको दायरामा आउन सकेको अवस्था छैन् ।

**आय संभावना:** पालिका भरीका सामुदायिक वन उपभोक्ता समूहसँग संवाद गरी कार्य योजना स्वीकृत गर्ने बखत तिनीहरुको आयबाट १० प्रतिशत संचित कोषमा दाखिला गर्नुपर्ने गरी गाउँपालिकाले प्रावधान तयार गरेमा यो क्षेत्रबाट पनि आय संभावना देखिन्छ। राजश्व सुधार योजना तर्जुमा कार्यशालाका अनुसार २२ वटा सामुदायिक वन भएका हुँदा यिनिहरुलाई करको दायरामा ल्याउँन सके पनि आयमा वृद्धि गर्न सकिने अवस्था रहन्छ।

**सुधारको क्षेत्र:** यो क्षेत्रलाई करको दायरामा ल्याउँन गाउँपालिकाबाट निम्न कार्यहरु गरिनु उपयुक्त हुन्छ,

- २२ वटै सा.वन उपभोक्ता समूहको आयको लगत संकलन गर्ने र लगत तयार गर्दा प्रत्येक सामुदायिक वनले ओगटेको क्षेत्र, उपभोक्ताको विवरण, वार्षिक आय व्यय समेतको विवरण अद्यावधिक गर्ने
- स्थानीय सरकार संचाल ऐन को दफा ६२ (ख) र वन ऐन २०७६ बिच सा.वन को आयको १० प्रतिशत स्थानीय तहले लिन पाउँने विषय सरोकारवालाहरुसँगको संवादबाट निर्क्यौल गर्ने।
- गाउँपालिकाको आर्थिक ऐनमा सा.व.को विक्रिबाट आम्दानी गर्ने विषय समावेस गर्ने
- सबै उपभोक्ता समूहसँग संवाद गरी करको दायरामा ल्याउँने।

### ठ. पर्यटन तथा मेला शुल्क:

स्थानीय सरकार संचालन ऐन को दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रमा संचालनमा रहेका विविध मनोरञ्जन तथा साहसिक खेलहरुका लागि पर्यटन शुल्क लिन पाउँने व्यवस्था छ।

**वर्तमान अवस्था:** गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा यो उल्लेख छैन र राजश्व पनि संकलन भउको छैन्।

**शुल्क संभावना:** जलजला, केठिभिर, तिलाचन, बिबाङ्ग दह र बजुधारीमा पर्यटन प्रवर्द्धन गर्ने जस्ता कार्य योजना उल्लेख भएको हुँदा यो योजना अवधिमा यो क्षत्रबाट करको संभावना न्युन छ।

### ड. मूल्याँकन सेवा शुल्क:

मूल्यांकन सेवा शुल्क पनि गाउँपालिकाको नियमित स्रोत हो। तर गाउँपालिकाले यसको आयको लगत विभिन्न अन्य शिर्षकमा राखेको हुँदा कुन आ.व.मा कति शुल्क संकलन भयो सो एकिन हुन सकेन तर यो पनि राजश्वको क्षेत्र हो र यसमा सामान्य आयको संभावना छ।

# परिच्छेद ४ गाउँपालिकाको आय संकलनको संस्थागत क्षमता र आय संकलनको वर्तमान अवस्थाः

## ४.१ गाउँपालिकाको राजश्व परिचालन सम्बन्धि नीति

सुनछहरी गाउँपालिकाको आ.व. २०७९/२०८० का लागि आन्तरिक राजश्व परचालनका लागि निम्न अनुसारका नीतिहरु लिएको छ।

- आन्तरिक स्रोत वृद्धिका लागि राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउँनुका साथै राजश्वको व्यापक दायरा बढाउँन पहल गरिने छ।
- मैले तिरेको रकम मेरै सुनछहरी समृद्धिको लागि हो भन्ने भावना जागृत गर्नलाई करदाता शिक्षा संचालन गरिने छ।
- राजश्व संकलनका लागि आवश्यक जनशक्तिको व्यवस्था गरी करदातालाई सहजै कर तिर्ने वातावरण तयार गरिने छ।
- करदाताहरुका लागि प्रोत्साहन कार्यक्रम लागु गरिने छ।
- विभिन्न आन्तरिक स्रोतहरुको पहिचान र परिचालनको माध्यमबाट राजश्व वृद्धि गरिने छ।

यसका अतिरिक्त गाउँपालिकाले आन्तरिक राजश्व सरधारका लागि निम्न कुरामा सुधार गर्ने अठोट गरेको छ,

- सम्पत्ति कर र घरबाल करको दायरामा नआएकालाई दायरामा ल्याउँने
- दर्ता तथा अनुमतिबिनाका व्यवसाय शुन्य बनाउँने गरी सबै व्यवसायलाई दर्ता गर्न दर्ता अभियान संचालन गर्ने
- सामुदायिक वन भित्रको पैदावार विक्रिलाई पालिकाको राजश्व दायरामा ल्याउँने
- राजश्व प्रशासनमा सुधार गरी जनताले अनुभूति गर्नेगरी सुशासनयुक्त बनाउँने
- गाउँपालिकाले उपयोग गर्न नसकी रहेका तर उच्च संभावना विद्यमान रहेका क्षेत्रहरुको पहिचान गर्ने गरी राजश्वको दायरामा ल्याउँने।

## ४.२ राजश्व आय संकलनको संस्थागत क्षमता

### ४.२.१ गाउँपालिकाको राजश्व प्रशासन

यस गाउँपालिकामा राजश्व परामर्श समितिको व्यवस्था छ र राजश्व शाखाको अलग्गै व्यवस्था भएको छैन र पालिकाको प्रशासन शाखाबाटै राजश्व शाखाको कार्य हुँदै आएको अवस्था छ। गाउँपालिकाको राजश्व प्रशासनलाई सुधार गर्नु पर्ने विषय आवश्यक परेको छ। राजश्य प्रशासनलाई प्रभावकारी बनाउँन अलग्गै राजश्व शाखा स्थापना गरी छुट्टै कर्मचारीको प्रावधान, यातायातको साधनको व्यवस्था, पटक-पटक क्षमता विकास, कर शिक्षालाई जनस्तरसम्म लैजाने, अनुगमनको व्यवस्था गर्ने तथा सरोकारवालहरुसँग अन्तरकृया गर्ने जस्ता कार्यहरु गर्नुपर्ने छ। त्यसैगरी, कर प्रशासनलाइ बढि प्रभावकारी बनाउँन हरेक क्षेत्रका करदाताको

लगत लिने र अद्यावधिक गर्ने र कर प्रशासनमा वडास्तरसम्मै कामगर्ने कर्मचारीलाई प्रतिवेदन लेखन तथा करदातामैत्री व्यवहारबारे क्षमता विकासगर्ने जस्ता विषयमा सुधार गर्नुपर्ने हुन्छ ।

**तालिका ७ राजश्व परिचालनको संस्थागत विश्लेषण**

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| **क)सँगठनात्मक व्यवस्था** | | |
| राजश्व शाखाको व्यवस्थासँगठन संरचनामा छ छैन ? | छैन | छुट्टै शाखा स्थापना गर्नु पर्ने |
| राजश्व शाखामा कुन तहका कति दरवन्दी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | शाखा नै छैन | शाखा स्थापना गरी सहायक पाचौको व्यवस्था हुनु पर्ने |
| राजश्व शाखाले गर्ने कामका लागि कार्यविवरण छ की छैन ? | छैन | कार्य विवरण तयार गर्नु पर्ने |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | हाल जिम्मेवारी दिएको प्रशासन शाखालाई छैन | शाखा स्थापना गरी सहायक पाचौको व्यवस्था गरी कार्य विवरण तयार गर्नु पर्ने |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | शाखानै नभएको हुँदा छैन | शाखा स्थापना गरी यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था गर्नुपर्ने |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | खासै छैन | प्रविधिको प्रयोगको शुरु गर्नु पर्ने |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | छैन | समय समयमा क्षमता विकास तालिम उपलब्ध गराउँनु पर्ने । |
| राजस्व परिचालनका लागि वडालाई दिईएको जिम्मेवारी के छ ? | प्रष्ट छ | व्यवसाय दर्ता र प्रतिवेदन सम्वन्धि तालिम संचालन गर्नु पर्ने |
| **ख) राजश्व प्रशासन संचालनको अवस्था** | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, वहाल आदि | घर परिवारको विवरण मात्र छ | सम्पूण विवरण राख्ने व्यवस्था गर्नु पर्ने |
| गाउँपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | घर जग्गा तथा सवारी साधन उपयोगमा छन । | |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्यांकन कत्तिको सहि रुपमा भएको छ ? मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ? | छ | |
| चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | करमा उपयोग हुने रसिदहरुको नियन्त्रण ले चुहावटको संभावना छैन । साथै अनलाईन पनि हुँदा चुहावटको संभावना | सरोकारवालासँग समन्वय र समय समयमा अनुगमन |

| | | |
|---|---|---|
| | छैन । | |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | जरिवानाको व्यवस्था छ । | |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | छैन | थप सूचनाको संचार गर्नुपर्ने |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | छैन | कर शिक्षालाई निरन्तरता, सरोकारवाला अन्तरक्रिया, समय समयमा व्यवसाय दर्ता शिविर संचालन गर्नुपर्ने |
| गाउँपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने व्यवस्था केकस्तो छ ? | छ | |
| राजश्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष्य तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | वडा तथा प्रशासनबाट राजश्वको कार्य हुने गरेको नियमित अनुगमन हुने गरेको छ । | |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | खासै छैन | |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | केहि छैन | अब गर्नु पर्ने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | हुनछ | |
| राजश्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? (बैठक संख्या, निर्णयहरु आदि) | वर्षमा २ देखी ३ वटा बैठक बस्ने गर्दछ | यसलाई अझ प्रभावकारी बनाउँनु जरुरी छ । |
| राजश्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | न्यून | |
| राजश्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | राम्रो छ | |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | राम्रो छ | |
| गाँउपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन ? | बार्षिक अर्धवार्षिक तथा त्रैमासिक रुपमा हुने गरेको छ | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | आ.ले.प हुन्छ र बेरुजु नियमानुसार संबोधन हूँने गरेको छ । | |

*श्रोतः २०७९ चैत्र १४ को पालिका स्तर र केहि करदाता हरुसँग भएको कुराकानी*

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

**तालिका ७ राजश्व परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| | सम्पीत्त कर | छ | नभएको | नभएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | नभएको | नभएको |
| | घर जग्गा बहाल कर | न्युन छ | भएको | भएको |
| | व्यवसाय कर | छ | भएको | भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | जडिबुटीको छ | भएको | भएको |
| | विज्ञापन कर | छ्रैन | नभएको | नभएको |
| | मनोरञ्जन कर | छैन | नभएको | नभएको |
| **ख.** | **अन्य गैर कर राजश्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्रि | छैन | नभएको | नभएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर विक्रि | छैन | नभएको | नभएको |
| | वन पैदावर (सामुदायिक वनको) विक्रि बापतको आय | छैन | नभएको | नभएको |
| | नक्सापास दस्तुर | छ | नभएको | नभएको |
| | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | छैन | नभएको | नभएको |
| | वहाल विटौरी शुल्क | छैन | नभएको | नभएको |
| | पार्किङ्ग शुल्क | छैन | नभएको | नभएको |
| | अस्पताल संचालन | छैन | नभएको | नभएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | छैन | नभएको | नभएको |
| | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| | स्थानीय विद्युत महसुल | छैन | नभएको | नभएको |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपप्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | नभएको | नभएको |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, | छैन | नभएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| | शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | | | |
| | मूल्यांकन सेवा शुल्क | छ | नभएको | नभएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | छ | भएको | भएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छैन | नभएको | नभएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| | दण्ड जरिवाना | छ | भएको | भएको |

*श्रोतः सुनछहरी गा.पा.*

## ४.४ राजश्व परिचालनका सवालहरु

नेपालको संविधान तथा कानुनले प्रदान गरेको आर्थिक अधिकार उपयोग गर्न पालिकाहरुले राजश्वको उपयोगिता र यसको संवेदनशिलतालाई सहत्व दिई योजनावद्ध प्रयास गर्न जरुरी छ ।

**४.४.१ संभावनाको क्षेत्रबाट पनि कर संकलन हुन नसक्नुः** यस पालिकामा करको संभावना भएका क्षेत्रबाट राजश्व संकलन गर्नलाई पनि केहि नीतिगत केहिमात्रामा दक्ष कर प्रशासनको अभाव, करको दायरा तथा दरमा अलमल, करको क्षेत्र विस्तार तथा अनुगमनको अभाव जस्ता सवालहरु देखिएका छन् ।

**४.४.२ कर नीतिको कार्यान्वयनः** गाउँपालिकाले लिएको कर नीतिलाई प्रभावकारी कार्यान्वयनका लागि रणनीतिक कदम चाल्न अझै नसक्दा कतिपय करदाता करको दायरामा आउँन सकेका छैनन् । जस्तै घरबाहाल कर पाउँने कतिपय घर धनी करको दायराबाट मुक्त छन भने दर्ता नगरी व्यवसाय गर्नेहरु पनि दायराबाट मुक्त छन ।

**४.४.३ कर तिर्ने संस्कारको विकासको मुद्दाः** त्यसैगरी, जनतामा कर तिर्ने संकारको विकास भैनसकेको अवस्था एकातिर छ भने संस्कारको विकास गर्न सामान्य कर शिक्षाको व्यवस्था नगरिएको अवस्था छ ।

**४.४.४ करदाताको लगत तथा अनुगमनः** नियमित कर संकलन हुनुपर्ने सम्पत्ती तथा व्यवसाय कर, जो गाउँपालिकाको प्रमुख आय स्रोतका रुपमा रहेका छन, त्यस्तालाई पनि करको दायरामा सबैलाई समेट्न नसकेको अवस्था छ र दायरा विस्तार गर्न लगत संकलन तथा करदाताको अभिलेख अद्यावधिक गर्नुपर्ने कार्यहरु पनि हुन सकेको छैन ।

**४.४.५ कानुनी दुविधाः** कतिपय कानुनहरुको तालमेल नमिल्दा पनि करको दायरा विस्तार गर्न नसकिएको अवस्था छ जस्तै स्थानीय सरकार संचालन ऐनको दफा ६२ (ख) ले सामुदायिक वन पैदावारको विक्रिको आयबाट स्थानीय तहले १० प्रतिशत राजश्व पाउँने कुरा उल्लेख छ भने वन ऐन, २०७६ ले सो किटान गरेको छैन् । यस्ता दुविधालाई सरोकारवालाहरुसँग बसेर समझदारी बनाउन अति जरुरी छ ।

**४.४.६ अभिलेख व्यवस्थापन तथा स्रोतका प्राथमिकिकरणः** करदाताको अभिलेख अद्यावधिक गर्नु कर प्रशासनको प्रमुख कार्य पनि हो । तर, सम्पत्ति कर, बाहाल कर, व्यवसायकर जस्ता करको दायरा व्यापक भएको क्षेत्रका करदाताको लगत संकलन र विवरण अद्यावधिक नहुँदा अबका दिनमा के-कति राजश्व कुन क्षेत्रबाट उठ्न सक्छ भन्ने कुरा अनुमान गर्न असजिलो अवस्था छ । यस कारण संभावित स्रोतको प्राथामिकिकरण गरेर राजश्व संकलनलाई तिव्रता दिन असहज बनेको छ ।

**४.४.७ पारदर्शिता र जवाफदेहिताः** पारदर्शिता र जवाफदेहिता सुशासनको मूल कडि हो । राजश्व प्रशासनलाई पारदर्शि र जवाफदेही बनाउँन गाउँपालिकाले आफ्नो आय व्ययको विवरण आवधिक रुपमा विभिन्न संचार माध्यमबाट प्रकाशित गरी सार्वजनिक गर्नाले पालिका प्रति जनविश्वास बढ्न जान्छ ।

# परिच्छेद ५ गाउँपालिकाको राजश्व सुधार

## ५.१ स्थानीय राजश्व सुधार तथा परिचालनको परिकल्पना

**परिकल्पना**

सुनछहरी गाउँपालिकाको हालको कुल आयमा आन्तरिक राजश्वको प्रतिशत वृद्धि गरी आन्तरिक स्रोतको दरमा वृद्धि गर्ने

आ.व. २०७९/८० को अनुमान दर ०.७३ प्रतिशत बाट १.६१ प्रतिशतमा पुऱ्याउँने

करको दायरामा वृद्धि गर्ने

पालिकाको आर्थिक स्थायित्व, दिगोपना र अत्यावश्यक कार्यका लागि आर्थिक स्रोत माथीको परनिर्भरता न्युनिकरण गर्न दायरा वृद्धि गर्ने

पालिकाको बजेटको आकार वृद्धि गर्ने

पालिकाको साविकमा भईराखेको भन्दा स्थानीय सम्भावनाको आधारमा आन्तरिक राजश्व वृद्धि गरि बजेटको आकार बढाउने

जनताको विकासको माग अझ बढि संबोधन गर्ने

पालिकाका जनताको आर्थिक समृद्धि ल्याउँन र पालिकाको सोच पुरा गर्न सकिने ।

## ५.२ राजश्व सुधार र परिचालनका सैद्धान्तिक मान्यताहरु

स्थानीय सरकारहरु जनताका घरदैलोका सरकारहरु हुन् । तसर्थ, देशको भूगोल र जनता स्थानीय सरकारका नजिक छन । संघियता बलियो बनाउँन स्थानीय सरकार बलियो हुनु जरुरी छ । स्थानीय सरकार बलियो हुन जनतालाई सोझै फाईदा पुर्ने काम गर्नु जरुरी छ । जनतालाई प्रत्यक्ष फाईदा पुऱ्याउन केहि निश्चित सोचहरुको विकास हुन जरुरी छ र सोच पुरा गर्न काम गर्नुपर्ने र काम गर्न पैसा चाहिने भएको हुँदा सँधैको परनिर्भतालाई क्रमश: घटाउँदै आन्तिरिक स्रोत माथिको निर्भरता बढाउँदै जानु पर्ने जरुरी भएको छ ।

जनताको घरदैलोको सरकारका रुपमा जनताका माग तथा आवश्यकता संवोधन गर्नु स्थानीय सरकारको दायित्व भित्रपर्दछ । संविधानको अनुसूचि ८ अन्तरगत एकल तथा अनुसूचि ९ अन्तरगत संघ, प्रदेश र स्थानीय तह बिचका साझा अधिकारले समग्रमा जनताको चौतर्फि विकाससँग जोडिएका स्वास्थ्य, शिक्षा, कृषि तथा पशुपंछी, खानेपानी तथा सरसफाई, फोहरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, आयआर्जनका अवसर सिर्जना, रोजगारीका अवसर सिर्जना, यातायात लगायत अन्य आर्थिक तथा सामाजिक पूर्वाधारको विकास जस्ता जन सरोकारका विषयमा काम गर्न संविधानले कार्य जिम्मेवारी निर्धारण गरेको अवस्था एकातिर छ भने स्थानीय प्रतिनिधिले स्थानीयसँग गरेका बाचाहरु पुरा गर्नुपर्ने अवस्था अर्कातर्फ छ । तसर्थ, विकास

व्यवस्थापनलाई जनताले महशुस गर्ने गरी जाँहा आवश्यक पर्‍यो त्यँहि लगानी गर्ने स्वयत्तता सुनिश्चित गर्न स्व-आर्जनबाट मात्र संभव हुन्छ ।

स्थानीय सरकारहरुले जनताका माग तथा आवश्यकता अनुसारका सेवा सुविधा प्रवाह गर्न आफ्नै नियन्त्रणको स्रोत साधनले मात्र संभव हुन्छ । तसर्थ, स्थानीय चासो संबोधन गर्न स्थानीय स्रोत परिचालन बिना संभव छैन । यसैले स्थानीय राजश्व परचालनले स्थानीय सरकारहरुलाई जनताप्रति उत्तरदायी पनि बनाउँदै लैजाने र स्थानीय विकासको गतिमा दिगोपना पनि आउने संभावना रहन्छ । तर, यसका लागि कर तिर्ने संस्कारको विकास, कर तथा गैर कर प्रशासनमा सुधार, कर तथा गैरकर सुशासनमा सुधार र कर तिर्ने सेवामा सुधारको आवश्यक छ ।

माथि भनिए झैं स्थानीय तह संचालनमा आन्तरिक राजश्व संकलन अति नै आवश्यक विषय हो तर यो सँग सेवा प्रवाह जोडिएको हुन्छ । अर्थात राजश्व संकलन र सेवा प्रवाह अन्तर सम्बन्धित विषय हुन रसँगसँगै कार्यान्वयन हुनु जरुरी छ । तसर्थ, एक जिम्मेवार सरकारको रुपमा स्थानीय सरकारले जनसरोकारका विषयमा लगानी गर्न पनि राजश्व सुधार अपरिहार्य छ । तर, राजश्व संकलन तथा परिचालनमा सुधारका केहि निश्चित सिद्धान्तहरुलाई अवलम्बन गर्न पनि उत्तिकै जरुरी छ । त्यसकारण, यस पालिकाको राजश्व सुधार र परिचालन कार्य विशेष गरी निम्न सैद्धान्तिक मान्यताहरुमा आधारित हुनेछ ।

**१. स्थिरताको मान्यताः** स्थानीय तहलाई आफ्ना विकासका गतिविधिहरु निरन्तर परिचालन गर्न आफ्नै स्रोतको बजेट हुनू अनिवार्य हुनजान्छ । यसका लागि ऐन, नियम र संविधानले दिएको दायरा भित्र रहनु पनि उत्तिकै जरुरी हुन्छ भने जनताको कर तिर्ने क्षमता र पलिकाको विकास तथा सेवा प्रवाहले जन चाहनालाई आकर्षित गरेको हुनुपर्दछ । पालिकाको सेवा प्रवाह र सुशासनमा जनता सन्तुष्ट छन भने र आर्थिक समृद्धिका विकासका गतिविधिबाट स्थानीय जनता सन्तुष्ट छन भने कर तिर्न जनताले बोझको रुपमा महसुस गर्दैनन् भने कर तिर्ने संस्कारको विकास गर्न सकिन्छ । कर तथा गैर कर प्रशासन र सुशासनमा सुधार गरी कर सेवामा सुधार भएमा पालिकाको आन्तरिक आयमा स्थायित्व प्रदान हुन्छ । आयको स्थिरताले पालिका आर्थिक रुपमा सवल तथा सक्षम भएपछि स्थानीय विकासको कम अगाडी बढाउँन सहज हुन्छ ।

**२. करदाताको क्षमतामा आधारितः** राजश्व सुधार तथा परिचालनको अर्को मान्यता हो करदाताको कर तिर्न सक्ने क्षमता । पालिकाका विकास गतिविधि र जनताको क्षमतामा अन्तर सम्बन्ध रहन्छ । तसर्थ, पालिकाको बजेट परिचालन जनताको आयआर्जन बढाउँने तर्फ केन्द्रित गरी जनताको आीर्थक हैसियत बढाउँदै कर तथा गैर करको दायरा र दर जनताको तिर्न सक्ने क्षमता अनुकुलन बनाउँदै राजश्वमा सरधार गर्ने मान्यमा अडिग हुनेछ ।

**३. करदाता मैत्री कर तथा गैर कर प्रशासनः** कर तथा गैकर प्रशासन तथा सुशासन र कर सेवालाई जनमैत्री हुनुपर्ने करको अको महत्वपूर्ण सिद्धान्तलाई अंगिकार गरिने छ ।

**४. सामनताको सिद्धान्तः** कर तथा गैरकरका दरहरुमा कसैप्रति भेदभाव नगरी समनता र समानताको अवधारण अनुसार कर प्रशासनलाई अगाडी बढाईनेछ ।

**५. पारदर्शिताः** पारदर्शिता सुशासनको एक महत्वपूर्ण पाटो हो । यो पालिकाले कर तथा गैरकरको दर तथा दायरा वृद्धि तथा कर संकलन र परिचालनलाई पूर्ण पारदर्शि बनाउँन कुनै कसरता बाँकी राख्ने छैन् ।

**६. जवाफदेहिताः** यो पालिका राजश्व संकलन र परिचालनमा संविधान, कानुन र स्थानीय जनताप्रति पूर्ण जवाफदेहिता कायम राख्नेछ ।

**७. विकासको आवश्यकता केन्द्रितः** यो पालिका आन्तरिक राजश्व संकलन तथा परिचालनलाई एक प्रकृयाको रुपमा मात्र नलिई जनताको विकासको चासो संबोधन गर्नेतर्फ केन्द्रित हुनेछ । जनताको आय तथा रोजगारी बढाउँने गतिविधिमा लागि केन्द्रित गरी कर तिर्ने हैसियत बढाउँनेमा बढि केन्द्रित हुनेछ ।

**८. सार्वजनिक उत्तरदायित्वको सिद्धान्तः** स्थानीय तहहरु स्थानीय जनताप्रति उत्तरदायी हुने हुँदा राजश्व संकलन र परिचालन प्रति सार्वजनिक उत्तरदायित्वबाट बिचलित हुनेछैन् ।

## ५.३ मुख्य सुधारका पक्षः

यस पालिकाको राजश्व सुधार र परिचालनबाट निम्न चार पक्षकोसँगसँगै सुधार गरिने छ ।



## ५.४. आगमी तीन वर्षे राजश्व संकलन रणनीति तथा कार्यनीति

**तालिका ८ राजश्व सुधार सम्बन्धि रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. कर तिर्ने संस्कारको विकास गरिनेछ | • सम्बन्धित क्षेत्रका करदाताहरुको लगत संकलन गर्ने |
| | • संकलित लगतलाई नियमित रुपमा अद्यावधिक गर्ने |
| | • कर दाताको नाम नामेसी समय समयमा प्रकाशित गर्ने |
| | • करदाता तथा तिनका प्रतिनिधहरुसँग नियमित अन्तरकृया गर्ने |
| | • करका दर निर्धाण गर्दा करदाता प्रतिनिधिहरुसँग समन्वय गर्ने |
| | • नियमित रुपा नयाँ करदातालाई करदाता शिक्षा प्रदान गर्ने |
| | • नियमित र बढि कर तिर्ने करदातालाई वार्षिक रुपमा सार्वजानिक समाहरोहका बिचमा सम्मान गर्ने |
| | • ज्यादै साना करदाताको मनोवल उच्च पार्न पनि साना करदातामध्ये नियमित र समयमै कर तिर्ने करदातालाई उच्च सम्मान गर्ने |
| २. कर तथा गैरकर प्रशासनमा सुधार गरिने छ। | • छुट्टै राजश्व शाख स्थापना गर्ने |
| | • साधन स्रोत र उपकरणले सुसज्जित बनाउँने (खासगरी नियमित अनुगमनका लागि सवारी साधनको उपलब्धता) |
| | • गाउँपालिक तथा वडास्तरमा राजश्व संकलनमा संलग्न कर्मचारीहरुलाई नियमित रुपमा क्षमता विकास गर्ने |
| ३. कर तथा गैरकर सुशासनमा सुधार ल्याईनेछ। | • कर तथा गैरकरका दायरा र दर वृद्धि गर्नुपर्दा सम्बनिधत क्षेत्रका करदाता प्रतिनिधिहरुसँग समन्वय गरी निर्णय लिने |
| | • गाउँपालिकामा संकलन भएको कर कसरी उपयोग भएको छ सोको नियमित रुपमा गाउँपालिकाको वेभसाईट वा अन्य माध्यमबाट सार्वजनिक गर्ने। |
| | • कर तिरेको भरपर्दो र कार्यालयबाट प्रमाणित भएको रसिद दिईने छ। |
| ४. कर तिर्ने सेवामा सुधार गरिनेछ। | • कर तिर्ने करदातालाई कर तिर्न आउँदा उच्चित आदरका साथ व्यवहार गर्ने |
| | • छिटो सेवा प्रदान गरिनेछ। |
| | • धेरैजस्तो कर संकलनलाई वडास्तरमा केन्द्रित गरिने छ। |
| | • व्यपार कर, फोहमैला संकलन कर तथा अन्य संभव भएसम्म धेरै प्रकारका करहरु घरदैलोबाटै संकलन गरिने छ। |
| ५. राजश्व सम्बन्धि नीति नियममा सुधार गरी आन्तरिक राजश्वको दायरा फराकिलो बनाईने छ | • पालिकाबाट राजश्व बारे आवश्यक नीति नियम तथा ऐन बनाई वा भैरहेकालाई समय सापेक्ष सुधार गरी व्यवहारिक बनाउँदै लगिने छ। |
| | • जनताको कर तिर्न सक्ने क्षमताका आधारमा करका दरहरु विश्लेषण गरी निर्धारण गरिनेछ। |
| | • थप राजश्वका स्रोतहरुको अध्ययन गरी संभाव्यताका आधारमा करको दायरा बढोँदै जाने |
| | • सम्पत्ति मूल्याँकनलाई निश्चित मापदण्डका आधारमा गरिने छ। |
| | • करका स्रोतहरुको तथ्यांक अद्यावधिक गरिनेछ। |

## ५.५ राजश्व सुधार कार्ययोजना

### ५.५.१. कर राजश्व सुधार कार्ययोजना

**तालिका ९ कर राजश्व सुधार कार्ययोजना**

| कर राजश्वका शिर्षक | करको दर, दायरा तथा अन्य सुधार गर्नु पर्ने पक्षहरु | समयावधी | जिम्मेवारी |
|---|---|---|---|
| १. भूमिकर (मालपोत) | १.१ अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न पहल गर्ने<br>१.२ भूमि कर संकलन गर्न घुम्ति शिविर संचालन गर्ने<br>१.३ जग्गा बाँझो राख्नेलाई प्रचलित नियम अनुसार हर्जाना अशुल्ने<br>१.४ भूमि वर्गिकरणलाई वैज्ञानिक बनाई सो अनुसार कर निर्धारण गर्ने | आ.व. २०८०/८१ को पौष देखी | गा.पा र वडा कार्यालयहरु |
| २ सम्पत्ती कर | २.१ सम्पत्ति कर लिंदा सम्पत्तिको मूल्याँकनका आधारमा लिने नीतिलाई कार्यपालिकाबाट अनुमोदन गर्ने | २०८० को जेठ भित्र | कार्यपालिका |
| | २.२ पालिकाको नीति बारे करदाता प्रतिनिधिहरुसँग छलफल गरी सहमत हुने । | २०८० को असार भित्र | राजश्व शाखा |
| | २.३ मूल्याँकन चित्त नबुझ्ने करदाताले उजुरी दिन पाउँने र त्यस्तो उजुरी उपाध्यक्ष्यको संयोजकत्वमा गठित समितिबाट सुनुवाई हुने | २०८० को असार भित्र | उपाध्यक्ष्य |
| | २.४ सम्पत्ति कर नबुझाउँने परिवारलाई विकास साझेदारीमा नसमेट्ने नीति अवलम्बन गर्ने । | २०८० को साउँन देखी | कार्यपालिका |
| ३. घरबहाल कर<br>(धेरै घरधनीहरुले घर बहाल दिने गरेका तर व्यवसाय गर्ने र कार्यलयहरु बाहेक अन्य अनौपचारिक क्षेत्रकाले बहाल लिएको घरको बहाल कर उठ्न नसकेको अवस्था) | १. बहालवाला घरहरको विवरण संकलन गर्ने । | आ.व. २०८०/८१ साउन देखी | कार्यपालिका, गाउँ सभा र राजश्व समन्वय समिति |
| | २. लगत संकलन गर्नु पूर्व सूचना संप्रेशण गर्ने । | आ.व. २०८०/८१ साउन देखी | कार्यपालिका, गाउँ सभा र राजश्व समन्वय समिति |
| | ३. कर दातालाई स्व-घोषण गर्ने अवसर दिने । | आ.व. २०८०/८१ साउन देखी | कार्यपालिका, गाउँ सभा र राजश्व समन्वय समिति |
| | ४. घर बहालको प्रचलित दर कायम गर्ने | आ.व. २०८९/८० आस मसान्त सम्म | कार्यपालिका, गाउँ सभा र राजश्व समन्वय समिति |
| | ५. करको दायरामा नआएका २०० भन्दा बढि घर धनीहरुलाई करको दायरामा आउँन सूचना गर्ने | आ.व. २०८०/८१ को शुरुमा | राजश्व शाखा |
| ४ व्यवसाय कर (धेरै व्यवसायी करको दायरामा नआएको अवस्था) | १. व्यवसाय दर्तालाई अनिवार्य गरी व्यवसायीहरुलाई दर्ता तथा नविकरण प्रकृयामा आउँन सूचना जारी गर्ने | निरन्तर | राजश्व शाखा, वडा कार्यालयहरु र कार्यपालिका |
| | २. व्यवसाय नविकरणलाई ताकेता गर्ने | निरन्तर | राजश्व शाखा, वडा |

| | | | |
|---|---|---|---|
| | | | कार्यालयहरु र कार्यपालिका |
| | ३. व्यवसायहरुको नियमित अनुगमन गरी दर्ता भै नविकरकण नगरेका तथा दर्तानै नभएकाको लगत संकलन गर्ने | निरन्तर | राजश्व शाखा, वडा कार्यालयहरु र कार्यपालिका |
| | ४. संकलित लगतलाई अभिलेखिकरण गर्ने | निरन्तर | राजश्व शाखा, वडा कार्यालयहरु र कार्यपालिका |
| ५. जडिबुटी, कवाडी र जीवजन्तु कर | १. जडिबुटी खेती प्रवर्द्धन गर्ने | चालु आ.व.को अन्त्य सम्म | कार्यपालिका |
| | २. जडिबुटीको करको दर निर्धारणपछि ठेक्का बन्दोबस्त गरी राजश्व संकलन गर्ने | आ.व. २०८०/८१ को शुरुदेखी | कार्यपालिका र राजश्व शाखा |
| ६. विज्ञापन कर | १. बजारका विज्ञापनको अनुगमन गरी विज्ञापन दाताहरुसँग अनतरकृया गर्ने | आ.व. २०८०/८१ को शुरुदेखी | कार्यपालिका र राजश्व शाखा |
| | २. भैरहेकालाई उनिहरुलाई करको दायरामा ल्याउँने | आ.व. २०८०/८१ को शुरुदेखी | कार्यपालिका र राजश्व शाखा |
| | ३. आईन्दा पूर्व स्वीकृति बेगर विज्ञापन बोर्डहरु राख्न नपाउँने कानूनी व्यवस्था गर्ने | आ.व. २०८०/८१ को शुरुदेखी | कार्यपालिका र राजश्व शाखा |

### ५.१.२. गैरकर राजश्व सुधार कार्य योजना

**तालिका १० गैरकर राजश्व सुधार कार्य योजना**

| गैर कर राजश्वका शिर्षक | करको दर, दायरा तथा अन्य सुधार गर्नु पर्ने पक्षहरु | समयावधी | जिम्मेवारी |
|---|---|---|---|
| १. स्लेट, ढंगा, वालुवा, गिट्टी | १.१ स्लेट उत्खनन्लाई व्यवस्थित गरी उत्पादकहरुसँग बार्ता गरेर करको दायरामा ल्याउँने | आ.व. २०८०/८१ को शुरुदेखी | कार्यपालिका, प्राविधिक शाखा |
| | १.२ दर रेट समयानुकुल गर्ने | आ.व. २०८०/८१ को शुरुदेखी | कार्यपालिका |
| | १.३ खानी क्षेत्रको नियमित प्रारम्भिक वातावरण अध्ययन गर्ने | आ.व. २०८०/८१ को शुरुदेखी | प्राविधिक शाखा |
| | १.४ ठेक्का पट्टाको संझौता गर्ने | आ.व. २०८०/८१ को शुरुदेखी | गाउँपालिका |
| | १.५ उत्खनन् क्षेत्र र निकाशी क्षेत्रको अनुगमन बढाउँने । | निरन्तर | निरन्तर |
| | १.६ राजश्व शंकलन गर्ने | निरन्तर | गा.पा, राजश्व शाखा |
| २. सामुदायिक वन भित्रको वन पैदावार बिक्रि | १. २२ वटै सा.वन उपभोक्ता समूहको आयको लगत संकलन गर्ने | चालु आ.व. को अन्य सम्ममा | कार्यपालिका, राजश्व शाखा |
| | २. स्थानीय सरकार संचाल ऐन को दफा ६२(ख) र वन ऐन २०७६ बिच सा.वनको आयको १० प्रतिशत स्थानीय तहले लिन पाउँने विषय सरोकारवालाहरुसँगको संबादबाट निर्क्यौल गर्ने । | चालु आ.व. को अन्य सम्ममा | कार्यपालिका र राजश्व शाखा |
| | ३.गाउँपालिकाको आर्थिक ऐनमा सा.व.को बिक्रिबाट आम्दानी गर्ने विषय समावेस गर्ने | चालु आ.व. को अन्य सम्ममा | कार्यपालिका र राजश्व शाखा |
| ३. फोहरमैला व्यवस्थापन शुल्क | डम्पिङ्ग साईट निर्माण गर्ने | आ.व. २०८०/८१ पौष सम्ममा | कार्यपालिका र राजश्व शाखा |
| | फोहर व्यवस्थापन शुल्क निर्धारण गर्ने | आ.व. २०८०/८१ पौष सम्ममा | गा.पा. र वडाहरु |
| | घर तथा पसल धनीहरुलाई फोहमैलाको कर लाग्ने बारे जानकारी दिने | आ.व. २०८०/८१ असौज सम्ममा | राजश्व शाखा गाउँपालिका |
| | करको दायरामा आउँन संबाद गर्ने | आ.व. २०८०/८१ असौज सम्ममा | राजश्व र गाउँपालिका |
| | गाउँपालिकाले तोकेको शुल्क तिरी फोहर व्यवस्थापन गर्ने | आ.व. २०८०/८१ माघ देखी | राजश्व शाखा |
| ४. मूल्याँकन सेवा शुल्क | ४.१ घर जग्गा मूल्याँकन पुस्तिका तयार गर्ने | २०८०को जेष्ठ मसान्त भित्र | प्राविधिक शाखा |

| | | | |
|---|---|---|---|
| | ४.२ नियमानुसार राजश्व संकलन गर्ने | ानियमित | राजश्व शाखा |
| ५. नक्सा पास दस्तुर | ५.१ पुराना घरहरुको अभिलेखिकरणको दर निर्धारण गर्ने | २०८० असार मसान्त भित्र | कार्यपालिका |
| | ५.२ अभिलेखिकरण गर्ने | निरन्तर | प्राविधिक र राजश्व शाखा |
| | ५.३ घर बनाउँदा नक्सा पास अनिवार्य गर्ने | निरन्तर | प्राविधिक र राजश्व शाखा |
| | ५.४ नक्सापास नगरेका घरहरुको अन्य सेवामा प्राथमिकता नदिने | निरन्तर | गाउँपालिका |
| ७. बहाल बिटौरी | ६.१ ऐलानी,सार्बजनिक र वन क्षेत्रका जग्गा उपभोगको लगत संकलन गर्ने | २०८० असार मसानत भित्र | वडा समिति |
| | ६.२ आर्थिक ऐनमा क्षेत्रपलका आधारमा दर रेट निर्धारण गर्ने | २०८० जेष्ठ मसान्त भित्र | कार्यपालिका |
| | ८.३ करको दायरामा नआउँनेका संरचना हटाउँने | २०८० जेष्ठ मसान्त भित्र | वडा समिति |
| ९. दर्ता, अनुमति तथा नविकरण | ७.१ संचालि व्यवसायहरुको लगत संकलन गर्ने | निरन्तर | गा.पा र वडा |
| | ७.२ दर्ता तथा नविकरण नभएका सबैलाई दर्ता तथा नविकरणमा आउँन सूचना जारी गर्ने | निरन्तर | गा.पा र वडा |
| | ७.३ व्यवसायहरुको अनुगमन गर्ने | निरन्तर | गा.पा र वडा |

### ५.१.३. राजश्व प्रशासन तथा सुशासन सुधार कार्य योजना

**तालिका ११ राजश्व प्रशासन तथा सुशासन सुधार कार्य योजना**

| राजश्व प्रशासन तथा सुशासन सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधी | जिम्मेवारी |
|---|---|---|
| १. छुट्टै राजश्व शाखाको स्थापना र कर्मचारी व्यवस्था गर्ने | २०८० असार भित्र | गा.पा. |
| २. मुष्कान सहितको करदाता सेवा प्रवाह गर्ने | नियमित | राजश्व शाखा र वडा कार्यलयहरु |
| ३. मालपोतलाई अनलाईन गर्ने | २०८० असार भित्र | गा.पा |
| ४.करदाता शिक्षा संचालन गर्ने | प्रत्येक वडामा वर्षमा एक पटक | राजश्व शाखा र वडा कार्यलयहरु |
| ५. आ.व. भरिमा सबैभन्दा बढि कर तिर्ने करदातालाई सार्वजनिक रुपमा सम्मान गर्ने | प्रत्येक आ.व.को पुष मसान्त सम्म | गा.पा |
| ६. बजार अनुगमन र राजश्व घुम्ति शिविर संचालन गर्ने | वर्षको दुई पटक | गा.पा, राजश्व शाखा, वडाहरु |

| | | |
|---|---|---|
| ७. उत्पादनयोग्य जमिन बाँझो राख्नेलाई जरिवाना गर्ने | प्रत्येक वर्ष | गा.पा |
| ८. हस्तलिखित कर प्रणालीको अन्त्य गदै करदाताले घरबाटै कर तिर्न पाउँने प्रणलीको विकास गर्ने | आ.व. २०८०/०८१ माघ देखी | गा.पा |
| ९ पारदर्शिता र जवाफदेहिताका लागि नियमित सार्बजनिक सुनुवाई गर्ने | प्रत्येक चौमासिक | गा.पा. वडाहरु |
| १०. करदाता अभिलेख व्यवस्थित गर्ने | निरन्तर | वडा कार्यालय, गा.पा. |
| ११ आन्तरिक राजश्वको संवेदनशिलताबारे जनप्रतिनिधिहरुलाई तालिम | आ.व. २०८०/०८१ असौज देखी | गा.पा |

**५.१.४. स्थानीय तहले उपयोग गर्न नसकी रहेका तर उच्च संभावना विद्यमान रहेका क्षेत्रहरुको पहिचान गर्ने**

**तालिका १२ राजश्वको उच्च संभावना भएका क्षेत्रहरु**

| राजश्वका उच्च संभावनाका क्षेत्रहरु | संभावित करदाता | समयावधी | जिम्मेवारी |
|---|---|---|---|
| ४.१ सुन खानीको उत्खननलाई ताकेता गरी करको दायरामा ल्याउँने | ३ ठाँउ | ३ वर्ष भत्र | गाउँपालिका |
| ४.२ फलाम तथा तामा खानीको उत्खननलाई ताकेता गरी करको दायरामा ल्याउँने | २ ठाँउ | ३ वर्ष भत्र | गाउँपालिका |
| ४.३ क्लाईनिङ्ग र क्यानोलिनको विकास गर्ने | | ३ वर्ष भत्र | गाउँपालिका |
| ४.४ गाम, सेरक्याङ्ग र मुन्धारामा बन्जिको विकास गर्ने | ३ ठाँउ | ३ वर्ष भत्र | गाउँपालिका |
| ४.५ जलजला, केठिभिर, तिलाचन, बिबाङ्ग दह र बजुधारीमा पर्यटन प्रवर्द्धन | ५ ठाँउ | ३ वर्ष भत्र | गाउँपालिका |
| ४.६ बोतल, सिसी र कवाडी कर बारे कार्यविधि बनाई करको दायरामा ल्याउँने | | ३ वर्ष भत्र | गाउँपालिका |
| ४.७ सम्पत्ति कर लाई दायरामा ल्यउंने | ३५८६ घर | आ.व. २०८०/०८१ को शुरु देखी | गाउँपालिका |
| ४.८ घरजग्गा बहालकरलाई लगत लिएर दायरामा ल्याउँने | करिव १०० घर | आ.व. २०८०/०८१ को शुरु देखी | गाउँपालिका |
| ४.९ वन पैदावार उपयोग गर्नेलाई करको दायरामा ल्याउँने । | | आ.व. २०८०/०८१ को शुरु देखी | गाउँपालिका |
| ४.१० व्यवसायीलाई करको दायरामा ल्याउँन लगत संकलन गरी दायरामा ल्याउँने | | आ.व. २०८०/०८१ को शुरु देखी | गाउँपालिका |

# परिच्छेद ६: अपेक्षित नतीजा

यो राजश्व सुधार कार्ययोजना कार्यान्वयन हुँदा गाउँपालिकालाई निम्नअनुसार राजश्व आयमा सुधार हुने छ।

## ६.१ राजश्व वृद्धिः

यो योजना कार्यान्वयन भएपछि निम्न शिर्षकमा करदाता थप भै राजश्व वृद्धि हुनेछ।

**तालिका १३ नतीजा खाका**

| कर तथा गैर करको क्षेत्र | करदाता संख्या | आ.व. २०७८/७९ को राजश्व | थप हुने करदाता | आगमी २०८०/८१ को | आगमी २०८१/८२ को | आगमी २०८२/८३ को |
|---|---|---|---|---|---|---|
| एकिकृत सम्पत्ति कर | ० | ० | ३५८६ | १००००००० | २०००००० | ३०००००० |
| भूमी कर (मालपोत) | | ८५६५२४.६१ | | ११८८००० | १३०६८०० | १४३७४८० |
| घर बहाल कर | | ५८८९५ | २०० | ३३०००० | ३६३००० | ३९९३०० |
| वन पैदावार (सामुदायिक वन भित्रको वन पैदावार विक्रि) | | 0 | २२ सा.वन | ० | २००००० | २२०००० |
| अन्य मनोरंजन कर | ० | ० | ० | 0 | 0 | 0 |
| जडिबुटी, कवाडी तथा जीवजन्तु कर | ० | ० | १ | ० | १०००० | ११००० |
| अन्य कर | | ५६७३६.३३ | | ११०००० | १२१००० | १३३१०० |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी | | ३८५४७.०६ | | २२००० | २४२०० | २६६२० |
| अन्य विक्रिबाट प्राप्त (स्लेट) | | ० | १ | ० | २५००० | ३०००० |
| अन्य प्रशासनीक सेवा शुल्क | | ४८२९७० | | ६६००० | ७२६०० | ७९८६० |
| बहाल बिटौरी | | ० | २०० | ५००० | १०००० | २०००० |
| 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत, दर्ता तथा नविकरण दस्तुर | | १०४८२५ | ३ | १९६३५० | २१५९८५ | २३७५८४ |
| नक्सापास दस्तुर | | | ३५८६ | १०००००० | १०२५००० | ११२७५०० |
| सिफारिश दस्तुर | | ६९५७८१ | | ७६५३५९ | ८४१८९५ | ९२६०८५ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | | २१७४०० | | २३९१४० | २६३०५४ | २८९३५९ |
| नाता प्रमाणित दस्तुर | | ७८७०० | | ६६००० | ७२६०० | ७९८६० |
| अन्य दस्तुर | | २७९२२८२० | | २७५००० | ३०२५०० | ३३२७५० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | | 0 | | ० | ० | ० |
| व्यवसाय रजिष्ट्रेशन तथा नविकरण दस्तुर | | ४३८८१४ | १०० | ५९४००० | ६५३४०० | ७१८७४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सेवा शुल्क (फोहरमैला संकलन तथा सरसफाई, पार्किङ्ग शुल्क,समेत) | | ० | | ० | १०००० | ११००० |
| विज्ञापन कर | | ० | १०० | २००० | १०००० | १२००० |
| पर्यटन शुल्क | | ० | ५ स्थान | ० | ० | ० |
| मूल्याँकन सेवा शुल्क | | ० | | १०००० | ११००० | १२००० |
| न्यायिक दस्तुर | | ३०० | | ५५०० | ६०५० | ६६५५ |
| व्यवसाय कर | | ५१९०० | १४१ | ५७०९० | ६२७९९ | ६९०७९ |
| कृषि तथा पशु व्यवसायमा लाग्ने कर | | ३११७६ | | २२००० | २४२०० | २६६२० |
| अन्य क्षत्रको आय | | ० | | २२००० | २४२०० | २६६२० |
| **जम्मा आन्तरिक राजश्व संकलन रु** | | **४२१६६१७९५** | | **५९७५४३९** | **७६५५२८३** | **९२३३२११** |

## ६.२ राजश्व प्रशासन तथा सुशासनमा सुधारः

यस गाउँपालिकाको पालिका स्तर देखी वडास्तर सम्मको राजश्व प्रशासनको सरधारको आवश्यकता भएको हुँदा आवश्यकताको आधारमा प्रशासन र सुशासनमा निम्न अनुसार सुधार भएको हुनेछ,

- गाउँपालिका छुट्टै राजश्व शाखाको स्थापन हुनेछ ।
- पालिका देखी वडा सम्मका राजश्व संकलनमा खटिएका कर्मचारीको समय समयमा आवश्यकताका आधारमा क्षमता विकास हुनेछ ।
- राजश्वको दायरा वृद्धि गर्न करदाताहरुको पहिचान, लगत संकलन र अभिलेख व्यवस्थापन भै करदाताको संख्या वृद्धि भएको हुनेछ ।
- करका दर र दायराको निर्धारण गर्दा करदाता प्रतिनिधीहरुसँग प्रशस्त संवाद र समन्वय गरिने छ ।
- करको आय व्यय विवरण नियमित सार्वजनिक भएको हुनेछ ।
- आन्तरिक आयको उपयोगबारे पनि नियमित सूचना प्रवाह हुनेछ ।

# परिच्छेद ७: आगामी तीन वर्षको राजश्व प्रक्षेपण

## ७.१ राजश्व प्रक्षेपणको आधारहरु

### ७.१.१ एकिकृत सम्पत्ति कर वृद्धिः

सुनछहरी गाउँपालिका भित्र ३५८६ घरपरिवार छन भने कुनैलाई पनि एकिकृत सम्पत्ति करको दायरामा नल्याईएको हुँदा सबै घरपरिवार क्रमशः करको दायरामा आउँने संभावनाका आधारमा सम्पत्ति करको प्रक्षेपण वृद्धि गरिएको छ ।

### ७.१.२ घरजग्गा बहाल करमा वृद्धिः

घर बाहालकरका करदाताको एकिन संख्या गाउँपालिकासँग नभएको र पालिकाबाट जानकारी पाए अनुसार हालसम्म केवल संस्थागत रुपमा भाडामा दिईएका तथा व्यवसाय दर्ता र नविकरणका लागि मात्र नभै नभएको अवस्थामा मात्र घरबहाल कर तिर्ने गरेको तर अनौपचारिक क्षेत्रका लागि भाडा दिने घर धनीहरुले बाहाल कर नतिर्ने गरेको हुँदा साना तिना बजार क्षेत्रमा करिव २०० संख्याका घर धनीहरु अझै पनि करको दायरामा अनाएका हुँदा तिनिहरुलाई क्रमशः दायरामा ल्याउँदा बाहाल कर तिर्ने करदाताको संख्या बढ्न सक्ने अनुमानका साथ यो क्षेत्रको आय बढ्ने आँकलन गरिएको छ ।

### ७.१.३ व्यवसाय कर वृद्धिको आधारः

व्यवसाय कर पालिकाको अर्को प्रमुख आय स्रोत हो तर बजारको परिदृश्य भन्दा फरक प्रकारको करदाताको रेकर्ड देखिएको छ । राजश्व सुधार कयोजना तयारी कार्यशालाका सहभागीको अनुमान अनुसार कम्तिमा पनि १४१ व्यवसायी यो पालिकामा भएका ज्यादै न्युन संख्याले मात्र व्यवसाय दर्ता गराएका र नविकरण चाँही सो अनुसार पनि नभएको हुँदा सबै १४१ करदातालाई करको दायरामा ल्याउँन सकिने अवस्था भएको हुँदा यो क्षेमा पनि राजश्व वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

### ७.१.४ जडिबुटी, कवाडी र जीवजन्तु कर वृद्धिको आधारः

गाउँपालिकाले यो क्षेत्रलाई हालसम्म पनि करको दायरामा नल्याएको हुँदा यो क्षेत्र पनि पालिकाको करको महत्वपूर्ण स्रोत भएको हुँदा न्युनतम मात्रामा दोस्रो र तेस्रो क्रमशः रु. १०००० र ११००० गरी यो क्षेत्रको राजश्व प्रक्षेण गरिएको छ ।

### ७.१.५ विज्ञापन करको वृद्धिको आधारः

विज्ञापन कर पनि कानुनले तोकेको गाउँपालिकाको अर्का महत्वपूर्ण कर राजश्वको क्षेत्र हो । खासगरी बजार भएका स्थानमा यो क्षेत्रले राजश्वको प्रशस्त संभावना बोकेको हुन्छ । हालसम्म यो क्षेत्र पनि राजश्वको दायरामा आउँन सकेको छैन् । यो पालिका क्षेत्रभित्र साना तिना बजार साईनबोर्ड तथा होर्डिङ्ग बोर्डका माध्यमबाट केहि विज्ञापन भएको अवस्था भएको हुँदा यस क्षेत्रबाट पनि राजश्व संकलन को संभावना देखिएको हुँदा पहिलो वर्ष रु २००० र दोस्रो वर्ष देखी रु. १०,००० देखिनै आय प्रक्षेपण गरिएको छ ।

### ७.१.६ सामुदायिक वनको वन पैदावार विक्रिबाट राजश्व वृद्धिको आधारः

